# लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८

**सरुमारानी गाँउपालिकाको कार्यालय**

**बङ्गाँडा, प्यूठान**

**लुम्बिनि प्रदेश, नेपाल**

**शुभकामना**

प्यूठान जिल्लाको सदरमुकाम देखि १७ कोष दक्षिणमा महाभारत श्रृखलाको तल्लो भागमा भित्री मधेश र चुरे पहाडि क्षेत्रमा यो सरुमारानी गाउँपालिका अवस्थित रहेको छ । धार्मिक हिसावले महत्वपुर्ण मानिने स्वर्गद्धारी जाने प्रवेशद्धारको रुपमा यो गाउँपालिका रहेको छ ।पुर्व-पश्चिम राजमार्ग अन्तर्गत दाङ्गको भालुवाङ्गबाट ८ कि.मी. उत्तर तिर यस गाउँपालिकाको सिमारम्भ हुन्छ ।

सवै प्रकारका लैंङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी, समन्यायीक समतामूलक समाजको निर्माण गर्ने परिकल्पना नेपपपालको संविधान २०७२ ले गरेको छ । राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनी व्यवस्था गरी लैंगिक समानता र सामाजिक समावेशीकरणको अधिकारलाई सुनिश्चित गरेको छ । गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति -२०७८ को प्रभावकारी रुपमा कार्यान्वयन गरि उपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका क्षेत्र भित्र हुने हरेक विकासका प्रयासहरुलाई योजना तथा बजेट तर्जुमाको समयदेखि नै सेवा प्रवाहका नीति, कार्यविधि कार्यक्रमहरु र संरचनाहरुलाई लैंगिक सम्वेदीनशील हुने गरि तर्जुमा, अनुगमन र मुल्यांकन प्रणालीलाई नतिजामुखी बनाउन सहयोग पुग्ने विस्वास लिएको छौं ।

महिला र पुरुषबीच जैविक रुपमा रहेको भिन्नता र यसबाट सृजित असमनताका कारणले राज्यबाट समानताका आधारमा उपलब्ध गराईने सेवा, सुविधामा महिलाहरुको पहुँच अभिवृद्धि गर्न गाउँपालिकाले विकासका हरेक प्रयासहरुमा लैंगिक समानताको नीति अवलम्वन गर्दै आएतापनि लैंगिक असमानता नै समन्यायीक विकासको लागि प्रमुख बाधकको रुपमा रहेको छ । यस रणनीतिको माध्यमबाट गाउँपालिका र मातहतका निकायहरूमा के कहाँ कस्तो कसरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री वातावरण सिर्जना गर्ने कुराको जानकारी समेत सरल ढङ्गबाट प्राप्त हुने छ र यसमार्फत गाउँपालिकाले आगमी दिनमा स्थानीय तहको नीति,कानुन योजना कार्यक्रम सेवाप्रवाह र संस्थागत संरचना लाई लैससास रणनीति मार्फत अझ बढी प्रभावकारी बनाउन सकिने छ ।

अन्तमा, यस **लैससास नीति** तयार गर्न आर्थिक सहयोग गर्नुहुने **प्रदेश प्रशिक्षण प्रतिष्ठान** लुम्विनी प्रदेश र बबई मिडिया तथा परामर्श सेन्टर प्रा.लि. बर्दिया प्रति सरुमारानी गाउँपालिका हार्दिक आभार व्यक्त गर्दछ । यो प्रतिवेदन तयार गर्न सुरु देखि अन्त्यसम्म नै आवश्यक सहयोग,निर्देशन र सुझाव प्रदान गर्नु भएकामा सबैलाई विशेष धन्यवाद दिन चाहन्छु ।

झग बहादुर वश्वकर्मा
गाउँपालिकाका अध्यक्ष
सरुमारानी गाउँपालिका

## शुभकामना

विश्वमा लैङ्गिक असमानता तथा सामाजिक वञ्चितीकरण सबैको चासो को विषय भएको छ । विगत केही दशक देखि विश्वभरि लौङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लसैसास**) को क्षत्रेमा उल्लखेनीय प्रगति गरेको देखिन्छ । यसै क्रममा नेपालमा पनि विभेदरहित, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक न्यायको क्षेत्रमा राष्ट्रिय तथा अन्त र्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्दै अगाडि बढिरहेको छ ।

यसै सन्दर्भमा खासगरी नेपालको संविधान,२०७२ प्रस्तावनमा नै ल ङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधार मा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । यसका साथै राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधार मा भेदभाव गर्ने छैन भनी  व्यवस्था गरी लैंगिक समानता र सामाजिक समावेशीकरणको अधिकारलाई सुनिश्चित गरेको छ । यसरी नै ***स्थानीय सरकार सञ्चालन ऐन, २०७४*** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) सम्बन्धी तल दिए अनुसारका प्रावधानहरुको व्यवस्था गरेको छ ।

दोस्रो लहरको कोरोना भाइरसको दोस्रो भेरररयन्टको कारण गर्नुपरेको बन्दाबन्दी, भौतिक दुरी कायम गनुपर्ने वाध्यात्मक अवस्था लगायतका प्रतिकूलताका बाध्यता रहे पनि लैगिक उतरदायि प्ररिक्षणबाट आएको प्रतिफल र आगामि दिनमा लक्षित वर्गहरुको शशक्तिकरण गर्दै हरेक क्षेत्रमा उनीहरुको अर्थपुण सहभागिता सुनिश्चितता गर्नेको लागि लैससास रणनीतिको आवाश्यकता रहेको महशुस स्थानिय स्तरमा भएको हुदा जोखिक समयलाई  धैर्यताका साथ कोरोना भाइरस नियन्त्रण तथा रोकथाम अभियानमा साथ दिदै समय अनुसार दुरि कायम गरि विभिन्न सरोकारवालाहरूसँगको छलफल एवं प्राप्त सल्लाह सुझावका आधारमा तयार गरिएको लैससास रणनीति आजको आवाश्यकता रहेको छ।

रणनीतिको सफल कार्यान्वयनका लागि राजनीतिक प्रतिबद्धता, इच्छाशक्ति र स्रोत साधनको परिचालन, समन्वय र जनचतेना अभिवृद्धि गरी गाउँपालिकाको हरेक विकास योजना, परियोजना तथा कार्यक्रमहरूमा **लैससासलाई** मुलपव्राहीकरण गर्ने  सोच ,ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन, स्रोत साधनको परिचालन, अन्तर- निकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने कार्यमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु । यस रणनीतिको माध्यमबाट गाउँपालिका र मातहतका निकायहरूमा के कहाँ कस्तो कसरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री वातावरण सिर्जना गर्ने कुराको जानकारी समेत सरल ढङ्गबाट प्राप्त हुने छ र यसमार्फत गाउँपालिकाले आगमी दिनमा स्थानीय तहको नीति,कानुन योजना कार्यक्रम सेवाप्रवाह र संस्थागत संरचना लाई लैससास रणनीति मार्फत लैससास मैत्री, संवेदनशील तथा उतरदायी बन्न सहयोग हुने छ  भन्ने अपेक्षा सहित सस्थागत रूपमै लागु गर्ने कार्यमा सफलता मिल्ने विश्वास पनि लिएको छु ।

अन्तमा, यस **लैससास नीति** तयार गर्न आर्थिक सहयोग गर्नुहुने **प्रदेश प्रशिक्षण प्रतिष्ठान** लुम्विनी प्रदेश र बबई मिडिया तथा परामर्श सेन्टर प्रा.लि. बर्दिया प्रति सरुमारानी गाउँपालिका हार्दिक आभार व्यक्त गर्दछ ।

मिना कुमारी सोमै
गाउँपालिकाका उपाध्क्षय
सरुमारानी गाउँपालिका

**विषय सूची**


**परिच्छेद १. पृष्ठभूमि तथा परिचय  लैससास रणनिति उद्देश्य, बिधी तथा प्रक्रिया**

१.१  पृष्ठभूमि :

१.२.  गाउँपालिकाको संक्षिप्त परिचय

१.३.  गाउँपालिकाको लैससास रणनिति उद्देश्य, बिधी तथा प्रक्रिया

१.४  लैससास परिभाषा - मुख्य शव्दावलीहरु

**परिच्छेद २ लैससासको अवस्था र सन्दर्भ बिष्लेषण, लैससासमा राजनैतिक, आर्थिक तथा सामाजिक पक्षहरु**

२.१  गाउँपालिकाको बर्तमान **अवस्था**

२.२ लक्षित समुहहरुको नक्सांकन - बन्चितिकरणमा परेका समुदायको अवस्था, तथ्य तथ्यांकहरु

२.३ सरोकारवालाहरुको बिष्लेषण

२.४ गाउँपालिकाको लैससासको दृष्टिबाट सवल पक्ष र कमजोर पक्ष  तथा अवसर

२.५ गाउँपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु तथा प्राथमिकीकरण

२.६ पालिकाको आगामी लैससास रणनितिको लागी लक्षित कार्यक्षेत्रहरु

**परिच्छेद ३ पालिकाको लैससास मूलप्रवाहीकरण रणनितिका**

३.१ गाउँपालिकाको लैससास रणनितिका

- परिदृश्य
- ध्येय
- लक्ष्य
- उद्देश्यहरु
- लैंससास रणनितिको औचित्यता :
- लैंससास रणनितिको मुल्यमान्यताहरु

३.२ रणनितिक र कार्यनिति

३.३ प्रस्तावित लैससास मूलप्रवाहीकरण रणनितिको कार्यन्वयनको लागि  कार्ययोजना

३.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयन पद्धती

३.४.१. लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन  :

३.४.२. गाउँपालिका लगायत सरोकारवालाहरुको कार्यभूमिका निर्धारण

३.४.३. संस्थागत संयन्त्र, जनप्रतिनिधी तथा जनशक्तिको क्षमता विकास :

३.५. लैससास रणनीति कार्यान्वयनको लागी स्रोत परिचालन र रणनीति कार्यान्वयनका लागि आर्थिक, प्राविधिक, मानविय

३.६. लैससास रणनीति कार्यान्वयनको अनुगमन प्रणाली :

३.७ लैससास रणनीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु :

३.८ कानुनी व्यवस्था तथा पुनरावलोकन

३.८.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

३.८.२.रणनीतिको पुनरावलोकन तथा सुधार

## परिच्छेद १ : लैससास रणनीतिको पृष्ठभूमि तथा बिद्यमान अवस्था र औचीत्य

१.१. पृष्ठभूमि :

नेपालको संविधानको प्रस्तावनाले लैंगिक बिभेद र सबै प्रकारका छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातीक समावेशी सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ ।

त्यसैगरी संविधानको भाग ३ मा उल्लेखित मौलीक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव बिरुद्धको हक, धारा २९ मा शोषण बिरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरीकको हकको व्यवस्था गरी लैंगिक समानता र सामाजिक समावेशीकरणको अधिकारलाई सुनिश्चित गरेको छ । नेपालको संविधान बमोजिम जारी गरिएको राष्ट्रिय लैंगिक समानता नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७८, लैङ्गिक समानता तथा सामाजिक समावेशिता स्थानीयकरण रणनीति २०७५, बालबालिका सम्बन्धी ऐन २०७५, मुलुकी देवानी (संहिता) २०७४ र मुलुकी अपराध (संहिता) २०७४, लगायतका राष्ट्रिय नीति तथा कानुनहरुले लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ ।

यसरी नै ***स्थानीय सरकार सञ्चालन ऐन, २०७४*** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) सम्बन्धी तल दिए अनुसारका प्रावधानहरुको व्यवस्था गरेको छ ।

लैंगिक समानता र सामाजिक समाबेशीकरणको सन्दर्भमा नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय कानुन अन्तर्गत महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९ ले महिलाको मानव अधिकार सुनिश्चित गरेको छ । त्यसैगरी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नंवर १३२५ र १८२० ले ससस्त्र द्वन्द्वको समय र द्वन्द्व पश्चात हुने यौनजन्य हिंसा बिरुद्ध न्याय र शान्ति प्रक्रियामा महिलाको सहभागिताको बिषय सुनिश्चित गरेको छ । बाल अधिकार महासन्धी १९८९ ले बालबालिकाको अधिकार संरक्षण र प्रबर्द्धन सुनिश्चित गरेको छ ।

सन १९९५ को बेइजिङ घोषणापत्रमा उल्लेखित महिलाका १२ वटा सरोकारका विषयहरु समाबेश गरिएको छ । दिगो विकास लक्ष्य २030 को लक्ष्य नं ५ ले लैंगिक समानता र लक्ष्य नं १६ ले दिगो बिकासको लागि शान्तिपुर्ण तथा समाबेशी समाजको प्रबर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेहि र समाबेशी संस्थाको स्थापना गर्ने बिषय उल्लेख गरेको छ ।

### १.२ गाउँपालिकाको परिचय :

पुर्वमा प्युठान जिल्लाको ऐरावती गाउँपालिका र अर्घाखाँचि जिल्लाको सितगंगा नगरपालिका, पश्चिममा दाङ्ग जिल्लाको बंगलाचुली गाउँपालिका, उत्तरमा प्युठानको ऐरावती गाउँपालिका र माण्डवी गाउँपालिका र दक्षिणमा दाङ्ग जिल्लाको राप्ती गाउँपालिका र अर्घाखाँची जिल्लाको सितगंगा नगरपालिका पर्दछ । चुरे पर्वतको काख र चुरे पर्वतदेखि उत्तर र माहाभारत श्रृखला देखि दक्षिणमा अवस्थित रहेको छ । मोक्ष प्राप्तीको लागी पवित्र स्थल मानीने ऐरावति नजिकै मिसिने राप्ती नदी यहाँको जल श्रोतको प्रमुख श्रोत को रुपमा रहेको छ । यस नदिमा बहुचर्चित नौमुरे बहुउद्देश्यीय  जलविद्युत आयोजना पनि यो गाँउपालिका बासिको सपना रहेको छ । यो नदि स्नान तिर्थको

लागी भारतको गंगा नदी जस्तै पवित्र स्थलको रुपमा मानिन्छ । यो नदिको किनारमा रहेका वडा नं ०१ र ०२ को उर्वर भुमिमा सिंचाईको संभावना रहेको छ ।

यो गाउँपालिका साविक बाङ्गेसाल, हंसपुर, ढङ्गेगढी गाविस पुरै र तिराम गाविसको वडा नं.५देखि९ र धुवाङ गाविसको वडा नं.७ र ८ गाभिएर हाल ६ वटा वडा बनेको छ भने यसको केन्द्र साविक ढुङ्गेगढी गाविसको बङ्गाँडा र हालको ०४ नं वडामा रहेको छ । यस गाउँपालिकाको नामाकरण यहाँ रहेको भौगोलिक सबैभन्दा अग्लो पहाड सरुमारानीबाट रहेको हो , यो पहाड साविकको ढुंगेगढि र तिराम गाविसमा हालको सरुमारानी वडा नं ०४ , ०५ र ०६ को सिमानामा पर्दछ , सरुमारानी पहाडको नाम कसरी रहयो भन्ने विषयमा बाइसे चौविसे राज्यको समयमा त्यस ठाउँ कि  रानी अग्लो पडाडको टुप्पा अर्थात शिरमा गएर नेपालको दक्षिणी तराई तथा  भारतको मनोरम दृश्य हेर्न जानेहुदाँ त्यहाका जनताले शिरमा रानी गएकी छन् अर्थात शिरमा रानी शिरमा रानी भन्दा भन्दै अपभ्रंश भएर सरुमारानी नाम रहन गएको जनविश्वास रहेको छ ।

यस क्षेत्रमा अत्याधिक सालको वनजंगल रहेको छ । यहाँको जंगलमा चितुवा, रतुवा, घोरल, बँदेल, दुम्सी, बाँदर ,खरायो आदी जनावर पाईन्छन भने मयूर , कालिज, चाखुरा, तित्रो लगायतका पंछिहरु पाईन्छन । यहाँका धार्मिक तथा ऐतिहासिक धरोहरहरु जस्तै ऐरावती, झक्रीदमार ,छहरे ,बराहथान, हंसपुर खड्ग भगवती मन्दीर ,सरुमारानी मंदिर ,गढिदरवार रानी कुवा ,मनोरम सरुमारानी पहाड  आदी रहेका छन । यहाँ को मूख्य जातजातीहरु मगर , दलित समुदाय , क्षेत्री ,ब्रहामण, मुसलमान, कुमाल,धामी ,राउत,गुरुङ ,नेवार ,कुसुन्डा रहेका छन । यहाँको मुख्य भाषामा नेपाली भाषा रहेको भएपनि मगर भाषा ,मुस्लिम भाष र गुरुङ भाषा पनि बोल्ने गरेको पाईन्छ । यहाँका मुख्य पर्वहरु तिज , दशै , तिहार ,ईद ,तमुल्होसार ,माघे संक्रान्ति ,जनै पूर्णीमा रहेको र उक्त पर्वहरुमा विभिन्न ठाँउहरुमा मेलाहरु लाग्न गर्दछन् । यहाँको मुख्य धर्म हिन्दु रहेको छ भने मुस्लिम , बौद्ध र क्रिश्चीयन धर्म पनि मानिने गरेको पाईन्छ ।

## १.३. गाउँपालिकाको लैससास रणनिति उद्देश्य, बिधी तथा प्रक्रिया

### १.३. मुख्य उद्देश्य :

यस रणनीतिको मुख्य उद्देश्य **लैससास** अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरि स्थानीय सरकारले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । **यसका उद्देश्यहरु यस प्रकार छनः**

**१.३.१** गाउँपालिकाको नितिगत, संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, जनजाति, दलित, यौनिक तथा लैंगिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका र वञ्चितिकरणमा परेका व्यक्तिको नेतृत्व क्षमता बिकास गरी निर्णायक तहमा पहुँच बृद्धि र सबै जात, जातीको अर्थपूर्ण सहभागिता सुनिश्चित  गराई लैगिक अन्तरहरुको प्रभावलाई सम्बोधन गदै लैगिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

**१.३.२** समाजमा बिद्यमान लैंगिक बिभेद, सामाजिक असमानता, लैंगिक हिंसा, घरेलु हिंसा, बाल बिबाह बिरुद्ध निरोधात्मक अभियान तथा सामाजिक जागरण मार्फत न्यायमा पहुँच अभिबृद्धि गर्ने ।

१.३.३ लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैंगिक उत्तरदायी बजेट मार्फत गाउँपालिकाको स्थानीय स्रोत तथा लाभहरुको न्यायोचीत बितरण प्रणाली र लैंगिक समानता तथा सामाजिक समाबेशी उत्तरदायी योजना तथा बजेट निर्माण कार्यलाई संस्थागत गर्ने ।

**१.३.४ लैससास** सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग,समिति, र गाउँपालिका क्षेत्र भित्रका सबै सरकारी, नीजि तथा गैरसरकारी संघ संस्थाको शासन प्रणाली र सेवा प्रवाहमा लैंगिक सवेदनशिलता अभिबृद्धि गर्न बिपन्न तथा बञ्चितिमा परेका ब्यक्ति, समुदायको स्वरोजगारका अवसरमा लैंगिक प्रतिनिधित्व र समावेशी पहुँच सुनिश्चित गरी आर्थिक शसक्तिकरण गर्ने  निरन्तर समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

**१.३.५** गाउँपालिकाको निति निमार्ण तथा निर्णायक तहमा **लैससास** दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै सहभागिता सुनिश्चित गर्न नीतिगत व्यवस्था लागु गर्ने।

## १.४  लैससास परिभाषा - मुख्य शव्दावलीहरु

(क) गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धि व्यवस्था गरेको ।

(ख) वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहु-विवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको ।
(ग) स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरिएको ।

अनुगमन तथा मूल्याँकन प्रक्रिया र स्थानीय निकायको कार्य सम्पादनमा लैससास सवोधन गर्ने गरी लैससास अवधारणासंग नीतिगत र कार्यगत परिपूरक र सामन्जस्यता ल्याउन जरुरी रहेको छ । स्थानीय सरकार तथा यस अन्तर्गतका संरचना, कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससासलाई योजनाबद्ध रुपमा स्थानीयकरण गर्दै लैजान र एक रुपता कायमगर्न नयाँ रणनीतिको आवश्यक रहेको हुनाले बिभिन्न समयमा नेपाल सरकारले जारी गरेका राष्ट्रिय कानुन तथा नीतिहरु र नेपाल पक्ष राष्ट्र भई अनुमोदन गरेका अन्तराष्ट्रिय प्रावधानहरु साथै स्थानीय सरकारवाट निर्माण गरी जारी गरिएका स्थानीय कानुन तथा नीतिहरुले स्थानीय तह देखि नै लैंगिक समानता र सामाजिक समावेशीकरण अवलम्वन गर्नका लागि मार्गनिर्देश गरेको छ ।

**त्यसैले,**
स्थानीय सरकारद्धार संचालन हुने योजना तथा कार्यक्रमलाई लैंङ्गिक समानता र सामाजिक समाबेशीकरण मैत्री बनाउनका लागि र संवैधानिक एवम् कानूनी प्रावधान तथा राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न एवम् स्थानीय सरकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैंगिक तथा सामाजिक समाबेशी विकासलाई प्रवर्द्धन गरी यसको स्थानीयकरण गर्न यो **रणनीति** तयार गरिएको हो ।

**२. नाम र प्रारम्भ** : यस रणनीतिको नाम **लैङ्गिक समानता तथा सामाजिक समावेशिता रणनीति २०७८ र**हनेछ र यसको प्रारम्भ स्थानीय सरकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ ।

## ३. संक्षेपित  शब्दावली र परिभाषा

क) **"स्थानीय तह"** भन्नाले गाँउपालिका, नगरपालीका र जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

ख) **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ ।

ग) **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एवं अधिकत्म उपयोग गर्ने प्रक्रिया हो ।

घ) **"योजना"** भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ ।

च) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी

**छ**) **"सामाजिक बञ्चितिकरण"** : लैंगिकता, जातजाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो ।

**ज**)**"सामाजिक समावेशी सम्पर्क ब्यक्ति"** भन्नाले कुनै कार्यालय वा निकायमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

झ) **"सामाजिक समावेशी बजेट"** भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालीका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

ञ) **लैङ्गिकता** : कुनै पनि मानिस लिङ्गको आधारमा महिला वा पुरुष वा तेस्रो लिङ्गका कारण समाजद्वारा उनीहरुलाई दिइने बिभेदपुर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने बिभेदपुर्ण सामाजिक व्यवहार र उनीहरुलाई हेर्न असमान दृष्टिकोण हो ।

ट) **लैङ्गिक मूलप्रवाहीकरण** :पालिकाको कुनै पनि योजनाबद्ध कार्य, बिद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति नियम, कार्यक्रम कार्यन्वयनको , बजेट र सेवा प्रवाह तथा योजना तर्जुमाका हरेक क्षेत्र तथा तह र तप्कामा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरण हो ।

ठ) **लैङ्गिक समानता :समाज तथा राज्यको** सबै अङ्ग र तहमा महिला र पुरुष बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरण हुनु नै लैङ्गिक समानता हो ।

ड) **लैङ्गिक संवेदनशिल** : सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र तेसो लिङ्गिहरुका विशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनु हो ।

**ढ) लैंगिकमैत्री** : समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा तेस्रो लिङ्गिहरुका विशेष आवश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण व्यवहार हो ।

ण) **"खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एव एच.आई.भि.संक्रमित व्यक्ति तथा अन्य सीमान्तकरण परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

**त) "गरिबी नक्शाङ्कन"** गरिबी नक्शाङ्कन भन्नाले एउटा निश्चित भू-भागमा बसो बास गर्ने घर परिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरण (Spatial Distribution) बारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनुपर्दछ ।

**थ) "लक्षित वर्ग/समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका व्यक्ति,अल्पसंख्यक तथा सीमान्तकृत समुह आदिको एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ ।

## २.१ गाउँपालिकाको बर्तमान अवस्था

गाउँपालिका आर्थिक तथा प्राकृतिक सम्पदाको हिसावले प्रसस्त सम्भावना बोकेको गाउँपालिका मानिए पनि बर्तमान स्थिथि हेर्दा यस गाउँपालिकाले आर्थिक सामाजिक क्षेत्रमा प्रसस्त लगानी तथा सकारात्मक प्रयासहरु गर्नु पर्ने देखिन्छ । जनजाती र दलितको बाहुल्यता रहेको यस गाउँपालिकामा उक्त समुदायका अधिकांस व्यक्तिहरुको आर्थिक, सामाजिक तथा शैक्षिक हिसावले जिवनस्तरमा अपेक्षाकृत सुधार हुन सकेको छैन । यस गाउँपालिकामा कृषि पेशा अंगाल्ने घरपरिवारको संख्या उच्च रहे पनि परम्परागत कृषि प्रणालीमा अपेक्षाकृत सुधार हुन नसकेकोले कृषिमा स्थानीय बासीन्दाहरुको उत्साहजनक आकर्षण भएको पाइदैन ।

गाउँपालिका क्षेत्रभित्र उद्योग तथा कलकारखानाको बिकास नभएको र सडक संजालको बिकास क्रम शुरुवात भएपनि कच्ची सडकमात्र भएको, बिद्युतीकरण गरिएपनि न्यून आय भएका परिवारहरुले नियमित बिजुली सेवा लिन समेत कठीन रहेको अवस्था छ । गाउँपालिकाको कूल जनसंख्या मध्ये १५ देखि ५९ बर्ष उमेर समूहका आर्थिक हिसावले सक्रिय जनशक्ति ४८.४९ प्रतिशत भएपनि गरिवी र बेरोजगारीका करण अधिकांस यूवाशक्ति छिमेकी मुलुक भारत र खाडी मुलुकमा जान बाध्य छन् । यसरी गाउँपालिकाबाट आर्थिक हिसावले सक्रिय जनशक्ति बाहिरिदै जाने हो भने स्थानीय तहको समग्र बिकासमा युवा जनशक्तिको अभाव रहने देखिन्छ । लैंगिक हिसावले महिलाहरु घरधन्दा र पारिवारिक कृषि कार्यमा बढी केन्द्रीत रहेको पाइन्छ भने पुरुषहरु विभिन्न पेशामा आधारीत आयआर्जन तर्फ क्रियाशिल रहेको पाइन्छ ।

यस गाउँपालिकामा मा.बि. तहसम्मको शिक्षा हासिल गर्न सक्ने ब्यबस्था भएपनि गरिवीका कारण अझैपनि सबै जातजाती, बर्ग समुदायका बालबालिकाले समान रुपमा उच्च शिक्षा हासिल गर्न नपाएको र बिचैमा बिद्यालय छोड्नु पर्ने बाध्यता रहेको छ । बाल विवाह सम्बन्धमा कानुनले २० वर्ष उमेर निर्धारण गरेता पनि यस गाउँपालिकामा बाल विवाहको अवस्था भयावह र चुनौतीपुर्ण मानिन्छ ।

**२.२ लक्षित समुहहरुको नक्सांकन - बन्चितिकरणमा परेका समुदायको अवस्था, तथ्य तथ्यांकहरु**

समाजमा बिद्यमान परम्परागत वा हानीकारक मुल्य मान्यता कायमै रहनुले लैंगिक बिभेद, सामाजिक असमानता, जातीय बिभेद, लैंगिक हिंसा तथा घरेलु हिंसा जस्ता कुरीति र कुसंस्कारले प्रश्रय पाइरहेको पाइन्छ । महिलाको आर्थिक शसक्तिकरणका लागि नीतिगत रुपमामा सकारात्मक प्रयासहरु पनि नभएकोले पनि  महिलाको नाममा जग्गको स्वामित्व नरहेको अवस्था स्पष्ट पार्दछ । त्यसैगरी शिक्षा, स्वास्थ्य, रोजगारी र नेतृत्व बहन जस्ता आर्थिक, सामाजिक र राजनैतिक अवसरहरुमा महिला, दलित तथा पछाडी पारिएका बर्ग समुदाय र ब्यक्तिको समानुपातिक वा न्यायिक पहुँच हुन सकेको देखिदैन । गाउँपालिकाबाट लैंगिक समानता तथा समाबेशी बिकास लगायत गरिवी न्यूनीकरण क्षेत्रमा केही सकारात्मक प्रयासहरु अवलम्वन गरिए पनि यसको प्रभावकारीता र निरन्तरताका लागि नीतिगत ब्यबस्था सहित बिकास प्रक्रिया थालनी गर्नु आबश्यक देखिन्छ ।

सरुमारानी गाउँपालिकाको जनसंख्याको आकडा हेर्दा राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा ४१२५ घरधुरी, ४४८८ परिवार संख्या र १९३७० जनसंख्या रहेको छ । जसमध्ये महिलाको जनसंख्या १०८२५ (५५.८८ प्रतिशत) र पुरुषको जनसंख्या ८५४५ (४४.११ प्रतिशत) रहेको छ । जातजातिगत हिसावले मगर जातीको बाहुल्यता रहेको छ ।

**२.३ सरोकारवालाहरुको बिष्लेषण**

सुशासनको प्रभावकारी कार्यान्वयनबाट गाउँपालिका क्षेत्रभित्रका सबै वर्ग, लिङ्ग, जातजाती, उमेर समूह र अवस्थाका समुदायको स्रोत तथा लाभ प्राप्तीमा समतामूलक पहुँच सुनिश्चित गर्न आजको आबश्यक छ । पालिकाको सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने कार्यमा उल्लेखित सरोकारवाला निकायहरुको महत्वपुर्ण भुमिका रहेका छन्।

विभिन्न राजनैतिक दलहरु, गाँउपालिका, गाँउ शिक्षा समिति, वडा कार्यालय, वडा समिति, जिल्ला समन्वयन समिति, प्रदेश र केन्द्र सरकार, स्वास्थ्य संस्थाहरु, विधालयहरु,वालक्लवहरु, महिला संञ्जालहरु, आमा समुहहरु,रेडक्रस, स्काउट, गा.पा.विपत व्यवस्थापन समिति, टोल बिकास संस्थाहरु, विभिन्न धार्मिक तथा सामुदायिक संघ संस्थाहरु, अपाङ्ग महासंघ गा.पा. समिति, सरकारी संस्थाहरु, बैक तथा वित्तिय संस्थाहरु,इलाका प्रहरी चौकी,उद्योग वाणिज्य संघ (गा.पा. स्तरिय),यातायात व्यवसायी संघ (गा.पा. स्तरिय),होटेल व्यवसायी संघ (गा.पा. स्तरिय),सामादायिक वन उपभोक्ता समिति

**२.४ गाउँपालिकाको लैससासको दृष्टिबाट सवल पक्ष र कमजोर पक्ष तथा अवसर**

***सवल पक्ष***

गाउँपालिकाबाट लैंगिक समानता तथा समाबेशी बिकास लगायत गरिवी न्यूनीकरण क्षेत्रमा केही सकारात्मक प्रयासहरु अवलम्वन गरिएका छन् । वार्षिक स्वीकृत नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा लैससास सँग सम्बन्धित विषयहरुलाई समाबेश गरिएको छ । छोरी पेवा बचत कार्यक्रम कार्यविधि निर्माण भई सञ्चालन  भएको छ । “ग” वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई भत्ता वितरण कार्यविधि निर्माण भई सञ्चालन, अनाथ वालबालिकाहरुलाई मासिक भत्ता वितरण कार्यविधि निर्माण भई सञ्चालन भएको , ज्येष्ठ नागरिक सम्मान, समाग्री सहयोग आँखा शिविर, स्वास्थ्य परिक्षण (घरमै) आदि सम्बन्धि नीति निर्णय गरी कायैन्वयन गर्दै आएको, दलित बालबालिका पोषण सहायता (एक क्यारेट अण्डा, एक सेट हाइजेनिक किट रु ५०० नगद), आकस्मिक आवस्थामा सुत्केरी महिलालाई प्रेषण यातायात  खर्च, कुपोषित बालबालिकाहरुलाई पोषण यातायात आर्थिक सहायता, ल्याब सेवा सञ्चालनमा गर्भवती महिला लाई निशुल्क सेवा प्रदान, मोबाइल स्वास्थ्य  कार्यक्रम मार्फत गर्भवती सुत्केरी महिलाको गर्भ जाँच र सुत्केरी अवस्थाको ट्रेसिङ गर्ने कार्य गरेको, विध्यालयमा जाने किशोरीहरुलाई निशुल्क सेनेटरी प्याड वितरण गरिएको,संस्थागत तथा घरमा सुत्केरी हुनेलाई स्वास्थ्यकर्मी द्वारा घरमै गई उत्तर प्रसुती जाच सेवा । गाँउपालिकाले पछि परेको परिवारका वर्गहरुको सेवा प्रभावकारीताको लागि स्थानिय सभा सञ्चालन कार्यविधि परिक्षण गरी  कार्यान्वयनमा ल्याएको । पोषण सुधारको लागि विपन्न परिवार सदस्यहरुको आय आर्जन सुधार कार्यक्रम  गर्न अनुदान दिइएको छ । कृषि नीति पारित परिएको तथा किसान सँग गाँउ सरकार कार्यक्रम संचालन गरिएको लोपोन्मुख कुसुण्डा जाती सहयोग  कार्यक्रम, बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक संरचना  निर्माण भइरहेको । ६६ जोडी अर्न्तजातीय विवाह गरेका जोडीलाई सम्मान  गरिएको र खानेपानी तथा सरसफाई प्रबर्द्धनको लागि ऐन निर्माण भई खानेपानी तथा सरसफाई क्षेत्रमा बजेट विनियोजन हुदै आएको ।

***कमजोर पक्ष***

संघिय सरकारले तय गरेका लैससास सम्वन्धी नीति तथा कानुनको स्थानीयकरण गरी कार्यान्वयन गर्न ढिलाई गरिनुले नयाँ बनेका संरचनाहरु पनि लैससास मुलप्रवाविकरण हुन नसकेको अवस्था रहेको छ।  लैंगिक बिभेद, सामाजिक असमानता र पछौटेपन घट्न सकेको छैन । जसलाई निम्न बुँदामा उल्लेख गरिएको छ ।

१. प्रयाप्त बजेट विनियोजन हुन नसक्दा आवश्यकता अनुसार लक्षित वर्गहरुका लागि कार्यक्रम सञ्चालन गर्न सकिएको छैन लैससास सँग सम्बन्धित नीति रणनीति बनाउनु नभएको कारण विपन्न, जोखिममा परेका, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्कको अद्यावधिक गरी व्यवस्थापन नहुदा लक्षीत बर्ग समुदायका आबश्यकताले प्राथमिकता पाउन सकेका छैनन् ।

२. भौतिक संरचनाहरु लैससास मैत्रि नभएका आगमि दिनमा वाल मैत्री भवन,स्तनपान कक्ष निर्माण गर्नु पर्ने।

३. स्थानीय तहमा सिमान्तकृत समुदायलाई मूलप्रवाहीकरण गर्नका लागि छुट्टै रणनिति तथा कार्यक्रमको व्यवस्था नहुदा बिकास प्रक्रियामा उनीहरुको सहज पहुँच पुग्न सकेको छैन ।

४. लैससास हेर्ने शाखा र जनशक्ति व्यवस्थापन नभएको ।

५. वार्षिक बजेट तथा कार्यक्रमलाई लैंगिक उत्तरदायि योजना तथा बजेट निर्माण नहुनले लैससास परिक्षण  सँग सम्बन्धित सम्पुर्ण सुचकहरुमा शत प्रतिशत नतिजा हासिल नगरिएको ।

६. लैससास सम्बन्धित गापा स्तरिय अनुगमन समिति गठन गरी अनुगमन तथा सुपरीबेक्षण कार्यलाई प्रभावकारी नबनाईएको

७. लक्षित बर्गको उत्थान, सशक्तिकरण र क्षमता विकासका कार्यक्रमले प्राथमिकता नपाउदा उनीहरुको जिवनस्तरमा अपेक्षाकृत सुधार आउन सकेको छैन  ।

***अवसरहरु :***

क) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी जारी गरिएका राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून तथा नीतिगत व्यवस्थाको स्थानीयकरण गर्न सकिने ।

ख) राज्य पुनर्सरचना अनुरुप तीन तहको सरकार मध्ये जनताबाट सबैभन्दा निकट रहेको स्थानीय सरकारले कानुनी अधिकार सहित जिम्मेवारी पाएकोले स्थानीय आबश्यकता अनुरुप नीतिगत ब्यबस्था गरी लागु गर्न सक्ने ।

ग) गाउँपालिकाको वार्षिक योजना तथा बजेट बिनियोजन गर्दा महिला, बालबालिका, दलित लगायत लक्षित वर्गको उत्थान तथा विकासका लागि योजना तथा बजेट छुट्याउने परिपाटीको बिकास भएकोले नीतिगत ब्यस्था गरी संस्थागत गर्न सकिने ।

घ) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा वञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायको उत्थान र सशक्तिकरणका लागि संरचना निर्माण साथै संस्थागत विकास तर्फ सकारात्मक प्रयासहरुको थालनी हुनु ।

ङ) स्थानीय तहमा क्रियाशिल बिभिन्न संजाल र गैरसरकारी संस्थाबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरु सम्बोधनका लागि निरन्तर बहस तथा पैरवी गर्नुका साथै स्थानीय सरकारसंग नियमित सहकार्य हुनु ।

च) बिभिन्न संचार माध्ययमबाट लैससासंग सम्बन्धीत सवालहरु उठान गर्ने र सम्बोधनका लागि सम्बन्धीत सरोकावालाको ध्यानाकर्षण गर्ने कार्यले निरन्तरता पाउनु ।

छ) लैससासमैत्री शासन ब्यबस्था र ब्यबहार अवलम्बनका लागि बिभिन्न सरोकारवालाबाट क्षमता बिकास सम्बन्धी कार्यक्रममा सहयोग बढेको छ ।

## २.५ गाउँपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु तथा प्राथमिकीकरण

गाउँपालिकाको बिद्यमान सामाजिक संरचना, शैक्षिकस्तर, आर्थिक अवस्था र राजनैतिक तथा सामाजिक जागरण लगायतका बिद्यमान अवस्थाले गर्दा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सहज स्विकार्यता र व्यवहारिक प्रयोजनमा केही समस्याहरु ल्याएको छ । जसलाई निम्न बुँदामा उल्लेख गरिएको छ ।

क) घर-परिवार लगायत समुदाय तहका सामाजिक अनौपचारिक संयन्त्रहरू देखि सार्वजनिक औपचारिक निकायहरुमा समेत लैंगिक बिभेद, सामाजिक असमानता र सामाजिक वञ्चितीकरणको अवस्था विद्यमान छ ।

ख) संघिय सरकारले तय गरेका लैससास सम्वन्धी नीति तथा कानुनको स्थानीयकरण गरी कार्यान्वयन गर्न ढिलाई गरिनुले लैंगिक बिभेद, सामाजिक असमानता र पछौटेपन घट्न सकेको छैन ।

ग) गाउँपालिकाको वार्षिक योजना तथा कार्यक्रममा लैंगिक सवाल तथा सामाजिक समावेशीकरणका विषयले प्राथमिकता पाउन सकेको छैन ।

घ) विपन्न, जोखिममा परेका, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्कको अद्यावधिक गरी व्यवस्थापन नहुदा लक्षीत बर्ग समुदायका आबश्यकताले प्राथमिकता पाउन सकेका छैनन् ।

ङ) लक्षित ब्यक्ति, समुदायको अवस्था विश्लेषण र आवश्यकता पहिँचानको आधारमा वार्षिक योजना तथा कार्यक्रम निर्माण नहुदा स्थानीय स्रोत, साधन र विकास प्रक्रियामा लक्षित वर्गको पर्याप्त पहुँच हुन सकेको छैन ।

च) स्थानीय तहमा सिमान्तकृत समुदायलाई मूलप्रवाहीकरण गर्नका लागि छुट्टै नीति तथा कार्यक्रमको व्यवस्था नहुदा बिकास प्रक्रियामा उनीहरुको सहज पहुँच पुग्न सकेको छैन ।

छ) लैंगिक उत्तरदायि योजना तथा बजेट निर्माण नहुनु र सहभागितामूलक योजना कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन प्रणाली प्रभावकारी नहुदा सिमान्तकृत बर्ग समुदायलाई बिकासको मूलप्रबाहमा ल्याउन सकिएको छैन ।

ज) लक्षित बर्गको उत्थान, सशक्तिकरण र क्षमता विकासका कार्यक्रमले प्राथमिकता नपाउदा उनीहरुको जिवनस्तरमा अपेक्षाकृत सुधार आउन सकेको छैन ।

***सवालका विषयलाई प्राथमिकीकरण***

१.गाउँपालिका तहमा महिला, तथा गरीब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावारण र सांस्कृतिक, योजना, बजेट, पहुँचयुक्त अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान गरि लक्षित वर्ग/समूहको सवाल र समस्या पहिचान गरि, उनीहरुलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरुको समग्र गाउँपालिकाको विकास प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ ।

२. सबै वडा तहमा गठन भएका लक्षित वर्ग/समुहका आ-आफ्नो सञ्जालहरु परिचालन गरी लक्षित वर्गहरुको उत्थान तथा सशक्तिकरण सम्बन्धी सवालहरुमा बस्तीस्तरबाट माग भएका योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न नियमित बजेट बिनियोजन गरिने छ ।

३. लैङ्गिक हिंसा पिडितहरु, जोखिममा रहेका असहाय एवं हेरचाह बिहीन बालबालिका र असहाय तथा हेरचाह बिहीन जेष्ठ नागरीकहरुको संरक्षणकालागि स्थानीय तहमा सेवा केन्द्रको ब्यस्थापन सम्बन्धी नियमित बजेट बिनियोजन गर्नुको साथै लैङ्गिक हिंसा पिडितहरुका लागि हिंसा पीडित संरक्षण कोष, बाल उद्धार कोष र जेष्ठ नागरीक संरक्षण कोषको स्थापना गरी परिचालन गरिने छ ।

४. नगरपालिका लगायत सबै सेवाप्रदायक निकायहरुले कूल कार्यक्रम बजेटको **१० प्रतिशत** रकम महिला, **१० प्रतिशत** रकम बालबालिका र **१५ प्रतिशत रकम** पछाडि पारिएको समुदाय जीविकोपार्जन र सशक्तिकरण कार्यक्रमहरुमा नियमित लगानी गर्न सुनिश्चित गरिने छ ।

५.युवाहरुमा उद्यमशिलताको बिकास मार्फत स्वरोजगार बनाई ब्यवसायिक उत्पादन तर्फ आकर्षित बनाउन नगरपालिकाबाट युवा लक्षित कार्यक्रमहरुमा निश्चित प्रतिशत बजेट बिनियोजन गरिनेछ ।

६. किशोर किशोरीहरुको बिकास र बिभिन्न दुर्व्यवहार बिरुद्ध वकालत गर्न सक्ने क्षमता बिकासका लागि किशोर किशोरी लक्षित कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

## २.६ पालिकाको आगामी लैससास रणनितिको लागी लक्षित कार्यक्षेत्रहरु

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) सम्बन्धी तोकिएको प्रावधानहरुको व्यवस्था अनुरुप पालिकाको आगामी लैससास रणनितिको कार्यक्षेत्र निधारर्ण गरिएको हुन्छ।

**२.६.१.मूलप्रवाहिकरणः:** गाउँपालिका तहमा महिला, गरीब तथा गरीब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखजोखा गरि नीतिगत ब्यस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य

वातावारण र संस्कृतिक, योजना, बजेट, पहुचयुक्त अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान गरि लक्षित वर्ग/समूहको सवाल र समस्या पहिचान गरि, उनीहरुलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरुको समग्र पालिकाको विकास प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ ।

२.६.२ **आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण तथा सहजिकरणः**

**क**) लक्षित वर्ग/समूहका विकासका अवसर श्रोत र साधनमा पहुँच अर्थपूर्ण सहभागिता गराइ उनीहरुलाई सवल बनाई आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण तथा सशक्तिकरण गरिनेछ।

**ख**) सामाजिक संरक्षण र सुरक्षा विशेषगरि बाल-बालिका,जेष्ठ नागरिक, अशक्त तथा अपांगता आदिको लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने रणनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्वन्धि कार्यक्रमहरु लागु गर्दै लैजानेछ ।

ग) हाल कोभिड-१९ को संक्रमण सुरु भए पश्चात बढेको विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसालाई ध्यानमा राख्दै स्थानीय जनप्रतिनिधिहरु लगायत सम्बन्धित सबै सरोकारवालाहरुलाई यसबारे सचेतना फैलाउने खालका कार्यक्रमहरु संचालन गर्दै क्षमता विकास गरिनेछ ।

**६.२.३ समन्वय, सहकार्य र सहजिकरणः**

क) लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजिकरण गरिनेछ ।

**६.२.४ अनुगमन तथा मूल्यांकनः**

गाउँपालिका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै जानेछ ।

**३.१ गाउँपालिकाको लैससास रणनितिका**

***परिदृश्य :*** लैंगिक समानता र सामाजिक न्यायमा आधारीत भेदभावमुक्त लैंगिकमैत्री, समाबेशी, समतामूलक, समृद्ध र न्यायपूर्ण गाउँपालिका निर्माण गर्ने ।

***ध्येय :*** लैससास सम्वन्धित समाजमा विद्यमान मुल्य, मान्यता, संस्कार र व्यवहारमा परिवर्तन ल्याउने

***लैंससास रणनितिको लक्ष्य :*** सुशासनमा आधारीत स्थानीय साशन प्रणालीको बिकास गरी समग्र बिकास प्रक्रियामा लैंगिक समानता तथा सामाजिक समाबेशीकरणको मूलप्रबाहीकरण गर्ने ।

***लैंससास रणनितिको मुख्य उद्देश्य :*** यस रणनीतिको मुख्य उद्देश्य स्थानीय सरकारले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ

१ गाउपालिकाको नितिगत, संस्थागत संरचना र कार्यक्रमहरुमा लक्षित वर्ग, समुहको नेतृत्व क्षमता बिकास गरी निर्णायक तहमा पहुँच बृद्धि र सबै जात, जातीको अर्थपूर्ण सहभागिता सुनिश्चित गराई लैगिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैगिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने।

२ समाजमा बिद्यमान लैंगिक बिभेद, सामाजिक असमानता, लैंगिक हिंसा, घरेलु हिंसा, बाल बिबाह बिरुद्ध निरोधात्मक अभियान तथा सामाजिक जागरण मार्फत न्यायमा पहुँच अभिबृद्धि गर्ने ।

३ लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैंगिक उत्तरदायी बजेट मार्फत गाउँपालिकाको स्थानीय स्रोत तथा लाभहरुको न्यायोचीत बितरण प्रणाली र लैंगिक समानता तथा सामाजिक समाबेशी उत्तरदायी योजना तथा बजेट निर्माण कार्यलाई संस्थागत गर्ने ।

४.लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति, र गाउँपालिका क्षेत्र भित्रका सबै सरकारी, नीजि तथा गैरसरकारी संघ संस्थाको शासन प्रणाली र सेवा प्रवाहमा लैंगिक सवेदनशिलता अभिबृद्धि गर्न बिपन्न तथा बञ्चितिमा परेका व्यक्ति, समुदायको स्वरोजगारका अवसरमा लैंगिक प्रतिनिधित्व र समावेशी पहुँच सुनिश्चित गरी आर्थिक शसक्तिकरण गर्ने निरन्तर समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

५ गाउँपालिकाको निति निमार्ण तथा निर्णायक तहमा **लैससास** दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै सहभागिता सुनिश्चित गर्न नीतिगत व्यवस्था लागु गर्ने।

***लैंससास रणनितिको औचित्यता :***

यस रणनीतिको औचित्य **गाउँपालिकाको लैससास** अवधारणा अनुसार संस्थागत संरचना एवं व्यवस्थापन सुदृढ गर्ने र गाउँपालिकाको सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउने आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ। त्यस्तै गरेर योजना तर्जुमा प्रकृयालाई बढी सहभागितामूलक बनाउने सेवा प्रवाहलाई नागरिक मैत्री बनाउन, सेवा प्रवाहलाई लैंगिक, समावेशी र बिपन्न एवं पछाडि परेको वर्ग प्रति बढी जवाफदेही बनाउन,

संबिधानद्वारा प्रदत्त हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीरण आधारमा राज्य संरचनाका सबै अगहरुमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर , किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समुहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्नुपर्ने भएकोले,

माथि उल्लेखित समस्या र चुनौतिलाई सम्बोधन गर्ने गरी केन्दिय्र र प्रदेश सरकारबाट जारी भएका **लसैसास** सम्बन्धि विभिन्न नीति, कार्यविधि, निर्देशिका आदिलाई स्थापित संरचनाहरू मार्फत कार्यान्वयन गरि अनुगमन तथा मूल्याँकन प्रक्रिया र स्थानीय तहको कार्य सम्पादनमा **लैससास** सवोधन गर्ने गरी **लैससास** अवधारणा सँग नीतिगत र कार्यगत परिपूरक र सामन्जस्यता ल्याउन आवश्यक भएकोले,

गाउँपालिकाबाट तर्जुमा गरी कार्यान्वयन गरिने सबै नीति, योजना तथा कार्यक्रमहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विश्लेषण गरी विषेश गरी महिला, दलित तथा पिछडिएका वर्गको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक अवस्थामा सुधार गर्नुपर्ने भएकाले,

महिला उपर हुने सवै किसिमका हिंसा तथा भेदभाव उन्मूलन गर्ने महासन्धि, वेइजिङ्ग घोषणा र २०३० सम्मको लागि तयगरिएको दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गरि गाउँपालिका तथा यस अन्तर्गतका संरचना, कार्यक्रम, योजना, बजटे तथा आयोजनाको प्रत्यके चरणमा **लैससास**लाई योजनाबद्ध रुपमा मूलप्रवाहीकरण तथा स्थानीयकरण यथाशीघ्र गर्दै लैजान र एकरुपता कायम गर्नु पर्ने भएको ले,

***<u>लैंससास रणनितिको मुल्यमान्यताहरु</u>***

संबिधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा लक्षित वर्ग, समुहको अवसर, पहुँच र स्रोत साधनको उपयोगको अन्तरलाई न्युन गर्न आवश्यक रहेको छ । यसरीनै लैससासका मुद्दाहरूलाई केन्द्रिय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय सरकारद्धार संचालन हुने योजना तथा कार्यक्रमलाई लैंङ्गिक समानता र सामाजिक समाबेशीकरण मैत्री बनाउनका लागि र संवैधानिक एवम् कानूनी प्रावधान तथा राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न एवम् स्थानीय सरकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैंगिक तथा सामाजिक समाबेशी विकासलाई प्रवर्द्धन गरी यसको स्थानीयकरण गर्न यो लैससास रणनीतिको महत्व छ।

हाल **कोभिड-१९** को संक्रमण सुरु भए पश्चात् बढको विभिन्न लैङ्गिक हिंसा तथा घरेलु हिंसाको अन्त्य गर्न बिभिन्न सरकारी, गैर सरकारी तथा अन्य सघ-संस्थाहरूसँग समन्वय तथा सहकार्य गरि काम गर्नुपर्नु भएको ले ।
त्यसैले माथि उल्लेखित औचित्यताहरूलाई पुरा गर्न **स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ११, उपधारा २, बुँदा ७ को उपबुँदा २** द्वारा प्रदत्त अधिकारको प्रयोग गरी गाउँपालिकाको लागि यो ५ बर्षे **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७८"** तयार गरिएको हो । यस नीतिको सफल कार्यान्वयनबाट सम्पूर्ण गाउँपालिकावासीहरूले विभेद र हिंसारहित समाजमा आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको सुनिश्चित गर्ने छन् ।

## ३.२ रणनिति र कार्यनीति

गाउँपालिकाको लैससास नीतिले निर्दिष्ट गरे अनुरुप स्थानीय तहका समग्र संरचना र विकासका योजना तथा कार्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री कार्यप्रणालीको विकास गरी संस्थागत गर्दै आएको छ भने आगमि वर्षहरु लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम गाउँपालिकाको दिर्घकालिन योजना तथा कार्यक्रमलाई लैससासमैत्री बनाइनेछ । बिद्यमान सकारात्मक उपलब्धीलाई संस्थागत गरी विपन्न एंव वञ्चित व्यक्ति, समुदायले सामाना गर्नु परेका लैंगिक बिभेद, जातीय बिभेद, गलत सामाजिक अभ्यास तथा कुरीति बिरुद्ध रणनीति तथा कार्यनीति बनाई कार्यान्वयन गरिनेछ । गाउँपालिकाको लैससास नीतिले निर्दिष्ट गरेका प्रमुख नीतिलाई पुर्ण रुपले अवलम्वन गर्नका लाीग विभिन्न रणनीति तथा कार्यनीति तय गरिनुपर्ने हुन्छ।

लैंङ्गिक समानता र सामाजिक न्यायमा आधारीत समुद्ध गाउँपालिका निर्माण गर्ने परिकल्पनालाई साकार पार्न गाउँपालिकाले निम्न बमोजिमका लैससास सम्बन्धी प्रमुख रणनीतिहरु र कार्यनिति तय गरेको छ :

***<u>रणनीति १.</u>***

गाउँपालिकाको बिद्यमान नीति तथा कानुनहरुको पुनरावलोकन गरी सुधारउन्मुख अभ्यासद्वारा लैंगिक तथा सामाजिक बिभेदयुक्त संरचनागत अवरोध हटाउने ।

***कार्यनिति (रणनिति १ सग सम्वन्धित)***

१.१ गाउँपालिकाको आवधिक एवं वार्षिक योजना, विद्यामान नीति, निर्देशिका र कार्यविधिको अध्ययन तथा विश्लेषण गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित हुनेगरी परिमार्जन र संशोधन गर्ने

१.२.लैगिंक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैंगिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा लैससास मूलप्रबाहिकरण गर्दै लैजाने ।

१.३ लैससासबारे राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकास गर्ने ।

१.४. लैससास नीति तय गरि नीतिले निर्दिष्ट गरे बमोजिम रणनीति र कार्यनीति कार्यान्वयन गर्न लैससास कार्यान्वयन कार्यविधि वा कार्यान्वयन निर्देशिका बनाई लागु गर्ने ।

१.५. प्रत्येक बर्ष सबै वडाको योजना तथा बजेट तर्जुमा गर्दा योजनाको हरेक चरणहरूमा बाल-बालिका, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, महिला, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पछाडि पारिएको/परेको वर्ग, अपाङता भएका ब्यक्ति, अल्पसंख्यक आदिको अर्थपूर्ण सहभागिता सुनिश्चित गरि उनीहरूको चाहना तथा आवश्यकता अनुसार योजना तर्जुमागरि कार्यान्वयन गर्ने।

१.६ महिलाको घरायसी कार्यबोझ कम गरी उत्पादनशिल कार्यमा सहभागिता बढाउन परिवार तहमा प्रोत्साहन तथा प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने

१.७.लैंगिक बिभेद, हानीकारक सामाजिक मुल्य मान्यता र गलत सामाजिक अभ्यास, उमेर समूहका आधारमा गरिने बिभेद, जातीय छुवाछुत, र असमानता र बाल विवाह बिरुद्ध समुदाय तहमा सचेतना सम्बन्धी अभियान संचालन गर्ने।

१.८.सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, लैससास सम्बन्धि मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने ।

१.९. गाउँपालिकामा कार्यरत सबै सरोकारवाला निकायलाई लैससास रणनीति सम्बन्धमा अभिमूखिकरण गरी कार्यान्वयन गर्न निर्देशन गर्ने ।

१.१०.वडा तथा समुदाय तहसम्म लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि अभिमूखिकरण मार्फत स्पष्ट निर्देशन गर्ने ।

१.११.बैदेशिक रोजगारीमा गएका, यौनजन्य हिंसा वा जोखिममा पेरका महिला श्रमिकको पुनस्थापना र संरक्षण तथा पुनस्थापना सम्बन्धी कार्यक्रम संचालन गर्ने ।

***रणनीति २.***

संरक्षणकारी व्यवस्था र निरोधात्मक उपायहरु मार्फत लैंगिक बिभेदमा आधारित हिंसा तथा दुरव्यवहार बिरुद्ध सचेतना अभिबृद्धि गरी न्यायमा पहुँच बढाउने ।

***कार्यनिति (रणनिति २ सग सम्वन्धित)***

२.१. लैंगिक हिंसा, घरेलु हिंसा तथा यौनजन्य दुरव्यवहार, जातीय बिभेद वा छुवाछुत, र गल्त सामाजिक अभ्यास वा हानिकारक मुल्य मान्यता बिरुद्ध व्यापक सचेतनामूलक कार्यक्रम संचालन गरी हिंसा वा दुरव्यवहार बिरुद्ध वकालत तथा प्रतिकार गर्न सक्ने क्षमता अभिबृद्धि गर्ने ।

२.२ गाउँपालिका र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गर्ने ।

२.३ बिपन्न बर्गका महिलाको कार्यबोझ घटाउने किसिमका कार्यक्रमहरू जस्तै : खाने पानी,वैकल्पिक उर्जा, सौर्य उर्जा, सुधारिएको चुलो , गोबर ग्यास, खाद्य प्रशोधन आदि सञ्चालन गर्ने ।

२.४ लैंगिक हिंसा, घरेलु हिंसा, बाल हिंसा लगायत सबै प्रकारका बिभेद बिरुद्ध सुन्य सहनशिलता अलम्बन गर्न आचारसंहिता बनाई लागु गर्ने र हिंसा पिडित महिला, किशोरीको लागि मापदण्ड तयार गरी अल्पकालिन संरक्षणको व्यवस्था सुनिश्चित गर्ने।

२.५. कृषिमा आधारित सीपमूलक तालिम तथा सीप विकास गर्ने जस्तै : कृषिजन्य लघु-उधोगहरूको सञ्चालन तथा व्यवस्थापन, जैविक कृषि ब्यबसाय, ब्यबसायीक तरकारी तथा फलफूल खेती विकास, हाट बजार ब्यबस्थापन तथा प्रबर्द्धन कार्यक्रम लगायत बिपन्न तथा एकल महिला र अन्य सीमान्तकृत समुहहरूको आय बृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने किसिमका तालिम तथा सीपहरू र अन्य कृषि, पशु विकास, तथा सहकारी बारे विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

२.६. बिशेष हेरचाहको आबश्यकता भएका बालबालिका र जेष्ठ नागरीकको संरक्षणका लागि बैकल्पीक हेरचाहको ब्यबस्था सुनिश्चित गर्ने ।

२.७ गाउँपालिकामा कार्यरत कर्मचारीको कार्य विवरणमा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धमा संवेदनशिलता अपानाउनु पर्ने विषयहरु समावेश गर्ने ।

२.८.गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधीलाई लैससास नीतिको बारेमा अभिमूखिकरण गराई लैससासमैत्री कार्यप्रणाली र कार्यव्यवहार अपनाउन सजक बनाउने ।

२.९.लैंगिक हिंसा, घरेलु हिंसा सार्वजनिक तथा कार्यस्थालमा हुने यौनजन्य दुरव्यवहार र हिंसा बिरुद्ध कानुनी प्रावधान बारे व्यापक प्रचार प्रसार तथा समुदाय तहमा व्यापक जानकारी गराई न्यायमा पहुँच बढाउने ।

२.१०. प्राकृतिक बिपद, महामारी तथा जोखिमबाट प्रत्यक्ष प्रभावित तथा पिडित महिला र बालबालिका र जेष्ठनागरीकहरुको संरक्षण तथा पुनस्थापना सम्बन्धमा कार्ययोजना बनाइ लागु गर्ने ।

२.११.बैदेशिक श्रमबजारमा गई हिंसा र शोषणको जोखिममा परेका वा स्वदेशमै पनि घरेलु कामदार तथा विभिन्न सार्वजनिक निकायमा कार्यरत कामदार महिला, किशोरी वा बालबालिकाहरु माथि भएको हिंसा, दुरव्यवहार वा शोषणको जोखिमबाट उद्धार तथा पुनस्थापनाका लागि मापदण्ड बनाई कार्यान्वयन गर्ने ।

२.१२.लैगिक हिंसा मुक्त वडा हुदै हिंसा मुक्त गाउँपालिका घोषणा गर्न स्थानीय तहको कार्ययोजना बनाई लागु गर्ने, गराउने ।

***रणनीति ३***

लैंगिक समानता तथा सामाजिक समाबेशीमैत्री संयन्त्र निर्माण र न्यायोचीत बितरण प्रणालीलाई संस्थागत गर्ने ।

***कार्यनिति (रणनिति ३ सग सम्वन्धित)***

३.१ लक्षित वर्ग/समूहको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जिवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्दि गर्ने  नीति लिई समावेशिकरण तथा सहजिकरण गर्ने ।

३.२. नियमित सेवा प्रवाहलाई लैससासमैत्री बनाउन गाउँपालिकामा लैससास इकाई/शाखा स्थापना गर्ने ।

३.३. गाउँपालिकाको लैससास इकाई/शाखामा काम गर्नका लागि लैससास सम्पर्क व्यक्ति नियुक्त गर्ने ।

३.४. महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखालाई ब्यबस्थीत बनाई परिचालन गर्ने ।

३.५. सामाजिक सुरक्षा तथा गरिविनिवारण सम्वन्धि स्थानीय नीति, कानुन, मापदण्ड, विनियम, अध्ययन अनुसन्धान गर्ने

३.६. गाउँपालिकाका संयन्त्र र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था सुनिश्चित गर्ने ।

३.७. गाउँपालिका र यसक्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्था एवं निजिक्षेत्रबाट सञ्चालित योजना तथा कार्यक्रमको लैंगिक तथा सामाजिक समावेशी परीक्षण (GESI Audit) गर्ने, गराउने ।

३.८.गाउँपालिका लगायत यसक्षेत्र भित्र कार्यरत सेवाप्रदायक संस्थाबाट संचालीत योजना तथा कार्यक्रमको सार्वजनिक सुनुवाई र जनलेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गर्ने ।

३.९.नियमित सार्वजनिक सुनुवाई कार्यक्रममा लक्षित व्यक्ति समुदायको सहभागिता सुनिश्चित गरी संचालित योजना तथा बजेटका बारेमा सार्वजनिक गर्ने ।

३.१०. सामाजिक सुरक्षा तथा गरिविनिवारण सम्वन्धि स्थानीय नीति, कानुन, मापदण्ड, विनियम, अध्ययन अनुसन्धान

३.११.लक्षित वर्ग /समुह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र सेवा सुविधामा लैंगिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चितताका लागि न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।

३.१२. सामाजिक  सुरक्षाको कार्यान्वियनको लागि संघ प्रदेश र स्थानीय संघ संस्थाहरु संग सम्पर्क, समन्वय र सहकार्य

३.१३ सामाजिक सुरक्षा सम्बन्धि स्थानीय तथ्याङ्क र सुचना व्यवस्थापन, गरीब परिवार पहिचान सम्बन्धी स्थानीय सर्बेक्षण, सुचना व्यवस्थापन र नियमन गर्ने।

३.१४.स्थानीय सुरक्षा योजना र व्यवस्थापन लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री, जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सवेदनशिल कार्य व्यवहारका लागि मापदण्ड बनाई कार्यान्वयन गर्ने, गराउने ।

३.१५.सामान्यतया ५० भन्दा बढी घरधुरी भएका वडामा महिला, वञ्चित तथा दलित वर्गको लैंगिक तथा समावेशी सहभागीता सुनिश्चित गर्दै टोल समिति गठन गरी परिचालन गर्ने ।

३.१६.महिला, बालबालिका अपांग, जेष्ठनागरीक, दलित लगायतका वञ्चित वर्गको प्रत्यक्ष पहुँच र क्षमता विकासका लागि उनीहरुको सञ्जाल गठन गरी परिचालन गर्ने।

३.१७. खण्डीकृत तथ्याँकलाई कम्प्यूटरकृत गर्ने।

***रणनीति ४.***

उद्यमशिलता बिकास गरी विपन्न तथा पछाडी पारिएका र बञ्चित व्यक्ति, समुदायको जिविकोपार्जनमा सुधार गर्ने ।

***कार्यनिति (रणनिति ४ सग सम्वन्धित)***

४.१.गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, हिंसा पिडित, अपांग, बिपन्न लगायत वञ्चित व्यक्ति, समुदायलाई लक्षीत गर्दै कृषि र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता बिकास तालीम प्रदान गरी प्राबिधिक जनशक्ति तयार गर्ने ।

४.२.स्थानीय स्रोत तथा कृषि र पशुपालन सम्बन्धी योजना तर्जुमा र बजेट बिनियोजन गरी रोजगारीका अवसर सृजना गर्ने ।

४.३.आदिवासी जनजाति तथा दलित बर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र सुधार गर्ने ।

४.४.विपन्न एबं बञ्चित व्यक्ति, समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गर्ने ।

४.५.बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एबं विपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।

४.६.प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षीत ब्यक्ति समुदायलाई आर्थिक तथा प्राबिधिक सहयोग गर्ने ।

## ***रणनीति ५***

बिपन्न तथा पछाडी पारिएका र बञ्चित ब्यक्ति, समुदायको नेतृत्व विकास क्षमता अभिबृद्धि गरी निर्णायक तहमा प्रतिनिधित्व सुनिश्चित गर्ने अनुगमन तथा मूल्याँकन संयन्त्र लैससास मैत्रि हुनुपर्ने।

***कार्यनिति (रणनिति ५ सग सम्वन्धित)***

५.१ गाउँपालीकाको सवै नीति निर्माण, योजना र आयोजना तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन प्रत्येक चरणमा लैससास दृष्किोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गदै लैजाने ।

५.२.स्थानीय महिला, एकल महिला, अपांग, यौनिक अल्पसंख्यक, दलित लगायत पछाडी पारिएका व्यक्ति, समुदायको नेतृत्व क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।

५.३.स्थानीय तहमा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिको नेतृत्व बहन क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने,

५.४.स्थानीय महिला, दलित लगायत बञ्चित व्यक्ति समुदायलाई नेतृत्व क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गरी निर्णायक भूमिका बहन गर्न सक्ने क्षमताको विकास गर्ने ।

५.५.योजना तथा कार्यक्रम कार्यान्वयन चरणमा लक्षीत ब्यक्ति वा समुदायको लैंगिक तथा समाबेशी प्रतिनिधित्व सुनिश्चित गर्ने, गराउने ।

५.६.उपभोक्ता समितिको मुख्य निर्णायक पद क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।

५.७.गाउँपालिका तहमा गठन भएका लक्षीत ब्यक्ति, समुदायका सञ्जाललाई क्षमता विकास सम्बन्धी तालीम मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता बृद्धि गर्ने ।

५.८.लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत अनुगमन संयन्त्र (संजाल) बनेछ।

५.९.लैङ्गिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी कार्यनीति तथा पद्धति हुनेछ र अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ।

## ३.३ प्रस्तावित लैससास मूलप्रवाहीकरण रणनितिको कार्यन्वयनको लागि कार्ययोजना

**रणनीति, कार्यक्रम तथा प्रमाणीकरणका आधारहरूः**

| उदेश्यहरु | कार्यक्रमहरु | कार्यन्वयन गर्ने मुख्य निकाय | समय अवधि | लक्षित वर्ग/समुह |
|---|---|---|---|---|
| **उदेश्य.१.**<br><br>गाउपालिकाको नितिगत, संस्थागत संरचना र कार्यक्रमहरुमा लक्षित वर्ग, समुहको नेतृत्व क्षमता विकास गरी निर्णायक तहमा पहुँच बृद्धि र सबै जात, जातीको अर्थपूर्ण सहभागिता सुनिश्चित गराई लैगिक अन्तरहरुको प्रभावलाई सम्बोधन गदै लैगिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने। | १.गाउँपालिकाको आवधिक एवं वार्षिक योजना, विद्यामान नीति, निर्देशिका र कार्यविधिको अध्ययन तथा विश्लेषण गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित हुनेगरी परिमार्जन र संशोधन गर्ने ।<br><br>२.नेपालको संविधान लगायत राष्ट्रिय र अन्तराष्ट्रिय कानुनद्वारा प्रदान गरिएको लैंगिक समानता र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न समुदाय तहमा क्षमता विकास र सचेतिकरणका अभियान संचालन गर्ने ।<br><br>३.सबै वडाको लैससास सम्बन्धि खण्डीकृत तथ्याङ्क संकलन गरि अध्यावधिक गर्ने र सबै वडाको पार्श्वचित्र बनाउने ।<br><br>४. अपाङ्गता भएका व्यक्तिहरूको अवस्थालाई मानब अधिकार को रुपमा मान्यता दिई उनीहरूका लागि बनेका सबै नीतिहरूमा लैंससासको आयामलाई प्रणालीगत रुपमा समाबेश गर्ने ।<br><br>५. प्रत्येक बर्ष सबै वडाको योजना तथा बजेट तर्जुमा गर्दा योजनाको हरेक चरणहरूमा पछाडि पारिएको/परेको वर्ग, अपाङता भएका ब्यक्ति, | गाउँपालिका<br>वडा कार्यलयहरु | १-३ बर्ष | १. लक्षित वर्ग/समुह<br><br>२. कार्यक्रमहरूको विवरण, कार्यान्वयन योजना तथा कार्यान्वयन पछिका प्रतिवेदनहरू ।<br><br>३. लक्षित वर्ग/समुह<br><br>४. लक्षित वर्ग/समुह मध्येका पनि अपांगता भएका व्यक्तीको<br><br>५.बाल-बालिका, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, महिला, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम,<br><br>६. लैससास रणनीति प्रतिलिपि र सबै वडालाई सुरक्षित र मर्यादित भएका ।<br><br>७.महिला,शिशु स्याहार कक्ष निमार्ण ।<br><br>८.लैससास नीति, |

| | | | | |
|---|---|---|---|---|
| | अल्पसंख्यक आदिको अर्थपूर्ण सहभागिता सुनिश्चित गरि उनीहरूको चाहना तथा आवश्यकता अनुसार योजना तर्जुमागरि कार्यान्वयन गर्ने । <br><br> ६.गाउँपालिका भित्र कार्यरत सबै सामाजिक संघ संस्थामा लैससास रणनीति बनाउन उत्प्रेरित गर्ने र सबै वडालाई सुरक्षित र मर्यादित बनाउने। <br><br> ७.गाउँपालिका र सबै वडा कार्यलयहरूमा महिलाको विशेष अवस्थालाई सम्वोधन गर्दै स्तनपान कक्ष,शिशु स्याहार कक्ष आदिको व्यवस्था गर्ने । <br><br> ८.लैससास नीति तय गरि नीतिले निर्दिष्ट गरे बमोजिम रणनीति र कार्यनीति कार्यान्वयन गर्न लैससास कार्यान्वयन कार्यविधि वा कार्यान्वयन निर्देशिका बनाई लागु गर्ने। <br><br> ९. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, लैससास सम्बन्धि मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने । <br><br> १०.बैदेशिक रोजगारीमा गएका, यौनजन्य हिंसा वा जोखिममा पेरका महिला श्रमिकको पुनस्थापना र संरक्षण तथा पुनस्थापना सम्बन्धी कार्यक्रम संचालन गर्ने । | | | रणनिति,कार्यनीति,कार्यान्वयन निर्देशिका। <br><br> ९.मापन र परीक्षण रेकर्ड, दस्तावेजहरू तथा सुनुवाईको उपस्थिती पुस्तिका आदि । <br><br> १०. श्रमिकको पुनस्थापना र संरक्षण तथा पुनस्थापना सम्बन्धी योजना र कार्यक्रम संचालन गरेको प्रतिबेदन र रेकर्ड । |
| २ समाजमा बिद्यमान लैंगिक बिभेद, सामाजिक असमानता, लैंगिक हिंसा, घरेलु हिंसा, बाल बिबाह बिरुद्ध निरोधात्मक | १. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरूसँग सम्वन्धित उजुरी दर्ता किताब र यस सम्वन्धि गा.पा.को नीति,रणनिति तथा कार्यविधिहरु निमार्ण। | गाउँपालिका | १-५ बर्ष | १. १. लक्षित वर्ग/समुह <br><br> २. पिडित महिला, किशोर किशोरी, दलित, अपांगता, अल्प संख्यक आदि |

| | | | | |
|---|---|---|---|---|
| अभियान तथा सामाजिक जागरण मार्फत न्यायमा पहुँच अभिबृद्धि गर्ने । | २. सबै प्रकारका हिंसा, बिभेद बिरुद्ध सुन्य सहनशिलता अलम्वन गर्न आचारसंहिता बनाई लागु गर्ने । र हिंसा पिडित महिला, किशोरीको लागि मापदण्ड तयार गरी अल्पकालिन संरक्षणको व्यवस्था सुनिश्चित गर्ने।<br><br>३. गाउँपालिका र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गर्ने ।<br><br>४. समाजमा रहेको विभेदकारी सामाजिक मूल्य-मान्यता र व्यवहारहरूलाई परिवर्तन गर्ने खालका जनचतेनामूलक क्रियाकलाप तथा अभियानहरू सञ्चालन गर्ने ।<br><br>५. आर्थिक तथा सामाजिक रुपमा पछि परेका जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस् कृतिक दृष्टिले पिछडिएका समुदायको आर्थिक तथा सामाजिक उत्थानमा लगानी गर्ने ।<br><br>६. बिपन्न बर्गका महिलाको कार्यबोझ घटाउने किसिमका कार्यक्रमहरू जस्तै : खाने पानी,वैकल्पिक उर्जा, सौर्य उर्जा, सुधारिएको चुलो , गोबर ग्यास, खाद्य प्रशोधन आदि सञ्चालन गर्ने ।<br><br>७. कृषिमा आधारित सीपमूलक तालिम तथा सीप विकास गर्ने जस्तै : कृषिजन्य लघु-उधो गहरूको सञ्चालन तथा व्यवस्थापन, जैविक कृषि ब्यबसाय, ब्यबसायीक तरकारी तथा फलफूल खेती विकास, हाट बजार ब्यबस्थापन तथा प्रबर्द्धन कार्यक्रम | | | ३. गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था भएको<br><br>४. जनचतेनामूलक क्रियाकलाप तथा अभियानहरू सञ्चालन प्रतिवेदन ।<br><br>५. महिला, बिपन्न तथा एकल महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक<br><br>६. कार्यक्रम योजना र कार्यन्वयन प्रतिबेदन।<br><br>७. योजना, कार्यक्रम र सीपमूलक तालिम तथा सीप विकास कार्यक्रक कार्यन्वयन र अनुगमन तथा मूल्याकन प्रतिबेदन<br><br>८. सहकारी र फाइनान्स कम्पनी जस्ता संस्थाबाट बिपन्न तथा एकल महिला, दलित तथा विपन्न वर्गका व्यक्तिहरूलाई सर्वसूलभ व्याजदर मा सहुलियत ऋण दिने साथै उनीहरूलाई वीउ-पूजीं मार्फत आय-आर्जन गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | लगायत बिपन्न तथा एकल महिला र अन्य सीमान्तकृत समुहहरूको आय बृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने किसिमका तालिम तथा सीपहरू र अन्य कृषि, पशु विकास,मत्स्य विकास तथा सहकारी बारे विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।<br><br>८. सहकारी र फाइनान्स कम्पनी जस्ता संस्थाबाट बिपन्न तथा एकल महिला, दलित तथा विपन्न वर्गका व्यक्तिहरूलाई सर्वसूलभ व्याजदर मा सहुलियत ऋण दिने साथै उनीहरूलाई वीउ-पूजीं मार्फत आय-आर्जन गर्ने र स्वरोजगारको वातावरण श्रृजना गर्ने ।<br><br>९. वडाका सबै उपभोक्ता समितिहरू तथा संरचनाहरूमा महिला (कम्तिमा ३३%), दलित तथा अन्य सीमान्तकृत समुहहरूको निर्णायक पद क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सहभागिता सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने।<br><br>१०.लैंगिक हिंसा मुक्त वडा हुदै हिंसा मुक्त गाउँपालिका घोषणा गर्न स्थानीय तहको कार्ययोजना बनाई लागु गर्ने, गराउने । | | | र स्वरो जगार को वातावरण श्रृजना गर्ने ।<br><br>९. वडाका सबै उपभोक्ता समितिहरू तथा संरचनाहरूमा महिला (कम्तिमा ३३%), दलित तथा अन्य सीमान्तकृत समुहहरूको निर्णायक पद क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सहभागिता सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिएका निर्णयहरु।<br><br>१०.लैंगिक हिंसा मुक्त वडा हुदै हिंसा मुक्त गाउँपालिका घोषणा गरिएका निर्णयहरु |
| ३ लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैंगिक उत्तरदायी बजेट मार्फत गाउँपालिकाको स्थानीय स्रोत तथा लाभहरुको न्यायोचीत बितरण प्रणाली र लैंगिक | १.गाउँपालिकाको लैससास इकाई/शाखा स्थापना गर्ने ।<br><br>२.गाउँपालिकाको लैससास इकाई/शाखामा काम गर्नका लागि लैससास सम्पर्क व्यक्ति नियुक्त गर्ने ।<br><br>३.महिला, बालबालिका तथा जेष्ठ नागरीक | **गाउपालिका** | १-५ बर्ष | १.लैससास इकाई /शाखा स्थापना भएको<br><br>२.लैससास सम्पर्क व्यक्ति नियूक्त प्रत्रको प्रतिलिपि।<br><br>३.महिला, बालबालिका तथा |

| | | | | |
|---|---|---|---|---|
| समानता तथा सामाजिक समावेशी उत्तरदायी योजना तथा बजेट निर्माण कार्यलाई संस्थागत गर्ने । | शाखालाई व्यबस्थीत बनाई परिचालन गर्ने ।<br><br>४.गाउँपालिकाको भित्रका सबै पूर्वाधार तथा सामाजिक संरचनालाई लैङ्गिकमैत्री, जेष्ठ नागरिक मैत्री, अपाङ्ग मैत्री र बालबालिका मैत्री बनाउने ।<br>५.गाउँपालिकाको र यसक्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्था एबं निजिक्षेत्रबाट सञ्चालित योजना तथा कार्यक्रमको लैंगिक तथा सामाजिक समावेशी परीक्षण (GESI Audit) गर्ने, गराउने<br>६.स्थानीय स्रोत र सेवा सुविधामा लैंगिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चिततताका लागि न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने । | | | जेष्ठ नागरीक शाखालाई व्यबस्थीत कार्यविधि प्रतिलिपि।<br><br>४.सबै पूर्वाधार तथा सामाजिक संरचनालाई लैससास मैत्रि बनेका ।<br><br>५.लैंगिक तथा सामाजिक समावेशी परीक्षण प्रतिबेदन।<br><br>६. न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने कार्यविधि प्रतिलिपि र प्रतिबेदनहरु । |
| ४.लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग,<br>समिति, र गाउँपालिका क्षेत्र भित्रका सबै सरकारी, नीजि तथा गैरसरकारी संघ संस्थाको शासन प्रणाली र<br>सेवा प्रवाहमा लैंगिक सवेदनशिलता अभिबृद्धि गर्न बिपन्न तथा बञ्चितिमा परेका व्यक्ति, समुदायको<br>स्वरोजगारका अवसरमा लैंगिक | १. गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, हिंसा पिडित, अपांग, बिपन्न लगायत वञ्चित व्यक्ति, समुदायलाई लक्षीत गर्दै कृषि र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता बिकास तालीम प्रदान गरी प्राबिधिक जनशक्ति तयार गर्ने ।<br><br>२.स्थानीय स्रोत तथा कृषि र पशुपालन सम्बन्धी योजना तर्जुमा र बजेट बिनियोजन गरी रोजगारीका अवसर सृजना गर्ने ।<br><br>३.आदिवासी जनजाति तथा दलित बर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र | | | १. प्राबिधिक जनशक्ति नामावलि र लाभावन्तिक समुहहरुको लिस्ट ।<br><br>२.स्थानीय स्रोत तथा कृषि र पशुपालन सम्बन्धी योजना तर्जुमा र बजेट बिनियोजन गरी रोजगारीका अवसर सृजना गरिएका प्रतिबेदनहरु ।<br><br>३.आदिवासी जनजाति तथा दलित बर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र सुधार गरिएका निर्णयहरु। |

| | | | | |
|---|---|---|---|---|
| प्रतिनिधित्व र समावेशी पहुँच सुनिश्चित गरी आर्थिक शसक्तिकरण गर्ने<br>निरन्तर समन्वय, सहकार्य र सहजीकरण गर्ने । | सुधार गर्ने ।<br><br>४.विपन्न एवं बञ्चित व्यक्ति, समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट  सुनिश्चित गर्ने ।<br>५.बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एबं विपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।<br><br>६.प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षीत व्यक्ति समुदायलाई आर्थिक तथा प्राबिधिक सहयोग गर्ने । | | | ४.विपन्न एबं बञ्चित व्यक्ति, समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गरिएका निर्णयहरु<br>५. क्षमता विकासका कार्यक्रमहरु संचालन गरिएका प्रतिवेदनहरु ।<br><br>६ आर्थिक तथा प्राबिधिक सहयोग गरिएका निर्णयहरु र प्रतिवेदन। |
| **५** गाउँपालिकाको निति निमार्ण तथा निर्णायक तहमा **लैससास** दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र<br>यसलाई संस्थागत गर्दै सहभागिता सुनिश्चित गर्न नीतिगत व्यवस्था लागु गर्ने। | १.स्थानीय महिला, एकल महिला, अपांग, यौनिक अल्पसंख्यक, दलित लगायत पछाडी पारिएका व्यक्ति, समुदायको नेतृत्व क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।<br><br>२.स्थानीय तहमा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिको नेतृत्व बहन क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने,<br><br>३.गाउँपालिका तहमा गठन भएका लक्षीत व्यक्ति, समुदायका सञ्जाललाई क्षमता विकास सम्बन्धी तालीम मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता बृद्धि गर्ने ।<br><br>४.लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न | | | १.स्थानीय महिला, एकल महिला, अपांग, यौनिक अल्पसंख्यक, दलित लगायत पछाडी पारिएका व्यक्ति, समुदायको नेतृत्व क्षमता विकासका सबै कार्यक्रम तथा योजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गरि यसलाई<br>संस्थागत गरेका प्रतिवेदनहरू ।<br>२.स्थानीय तहमा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिको नेतृत्व बहन क्षमता विकास सम्बन्धी |

| | | | | |
|---|---|---|---|---|
| | कार्यालयहरुबीच कार्यगत अनुगमन संयन्त्र (संजाल) बनेछ।<br><br>५.लैङ्गिक विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति छ।<br>अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ। | | | कार्यक्रम संचालन र अनुगमन प्रतिबेदन र निर्णयहरु,<br><br>३.गाउँपालिका तहमा गठन भएका लक्षीत व्यक्ति, समुदायका सञ्जाललाई क्षमता विकास सम्बन्धी तालीम मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता बृद्धि गरिएका निर्णयहरु आदि।<br><br>४. अनुगमन संयन्त्र (संजाल) नामावली, कार्यविधि आदि<br><br>५.लक्षित वर्ग |

## परिच्छेद ५ लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयन लागी आवश्यक पद्धती तथा अनुगमन प्रणाली

## ३.४ कार्ययोजना र लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी आवश्यक संस्थागत व्यवस्था के कस्तो

### ५.१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन पद्धती

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र गाउँपालिकाको शासन पद्धती, सेवा प्रवाह र कार्यप्रणालीलाई लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउन सकिन्छ । गाउँपालिकाका जनप्रतिनिधी र कार्यरत सबै कर्मचारीलाई लैससास रणनीतिको महत्व र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र क्रियाशिल सबै निकायहरुहरुको लैससासको क्षेत्रमा गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला बिच नियमित समन्वय तथा साझेदारी गरिनेछ । गाउँपालिकामा क्रियाशिल सबै संयन्त्र लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, विकास साझेदार निकाय र निजीक्षेत्र समेतलाई लैससास रणनीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ । त्यसैगरी लैससास रणनीतिको प्रभाबकारी कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण तथा परिचालन र परिचालीत मानव स्रोतको क्षमता बिकास गरिनेछ ।

### ५.१.१. लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन :

लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम गाउँपालिका भित्रका भौतिक संरचना लगायत संस्थागत संयन्त्रको सुधार गरी लैससासमैत्री बनाइनेछ । सामुदायिक विकास कार्यक्रममा समानुपातिक सहभागिता र समावेशीकरण प्रक्रियालाई प्रभावकारी बनाइनेछ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्र स्थापना र व्यवस्थापन गरी परिचालन गरिनेछ ।

क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ ।

ख) गाउँपालिकास्तरीय अनुगमन तथा निर्देशन समिति गठन गरी परिचालन गर्ने ।

ग) लैंससास सम्पर्क व्यक्ति (GESI Focal Person) नियुक्त गरी कार्यविवरण तोकी परिचालन गर्ने ।

घ) महिला कर्मचारीहरु र महिला सेवाग्राहीलाई सहजताका लागि लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था गर्ने ।

ङ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सबै प्रकारका बिभेद निवारणका लागि गुनासो सुनुवाई संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

च) न्यायिक समितिलाई थप क्रियाशिल बनाई लैंससासमैत्री न्याय सम्पादन प्रणालीको विकास गर्ने ।

छ) स्थानीय समुदायको समानुपातिक सहभागितामा टोल समिति गठन गरी योजना तर्जुमा प्रक्रिया र सामुदायिक विकास कार्यमा क्रियाशिल बनाउने ।

ज) सुचना शाखाको प्रभावकारी ब्यबस्थापन गरी खडिकृत बिद्युतिय सुचना प्रणालीलाई ब्यबस्थीत र क्रियाशिल बनाउने ।

झ) गाउँपालिका लगायत सबै सार्बजनिक निकायमा लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री र जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सेवा प्रबाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।

ञ) हिंसा पिडित तथा बिभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाहरुको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, जोखिममा रहेका तथा बिशेष संरक्षणको आबश्यकता भएका जेष्ठ नागरीक र बालबालिकाको लागि बैकल्पीक हेरचाहको ब्यबस्था सुनिश्चित गर्ने ।

### ५.१.२. गाउँपालिका लगायत सरोकारवालाहरुको कार्यभूमिका निर्धारण

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका लगायत यस क्षोत्रभित्रका सबै सरोकारवाला निकायले दायीत्व बोध गर्नु जरुरी छ । लैससास रणनीतिले गाउँपालिका लगायत यस क्षेत्रभित्र क्रियाशिल विभिन्न निकाय वा सरोकारवालाले लैससासको क्षेत्रमा अवलम्वन गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी जिम्मेवारी तोकिएको छ । लैससास रणनीतिमा तोकिएको कार्यभूमिका प्रभावकारी कार्यान्वयन गर्न लैससास शाखाबाट नियमित समन्वय र सहकार्य गर्नुका साथै कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन समेत गरिने छ । लैससास नीतिमा निर्दिष्ट कार्यभूमिका निम्न बमोजिम उल्लेख गरिएको छ ।

| जिममेवार निकायहरु | कार्यभूमिका |
|---|---|
| गाउँकार्यपालिका | ▪ गाउँपालिकाको समग्र विकास प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी मूलप्रवाहीकरण सुनिश्चितताका लागि नीति, रणनिति तथा कानुनको समिक्षा वा पुनरावलोकन गरी परिमार्जन गर्ने ।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड बनाई लागु गर्ने<br>▪ लैंससास उत्तरदायी योजना तर्जुमा तथा बजेट बिनियोजन प्रणालीलाई अनिवार्य तथा संस्थागत गर्ने ।<br>▪ लैससास परिक्षण तथा अनुगमन प्रणालीलाई व्यवस्थित र नियमित गर्ने ।<br>▪ वडा तथा टोलबस्तीबाट योजना तर्जुमा प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्ने, |

| | |
|---|---|
| | ▪ गाउँपालिका लगायत गाउँपालिका क्षेत्रमा परिचालीत सबै निकायबाट उपलब्ध गराइने सेवा सुविधा र लाभ वितरणमा लैंगिक तथा सामाजिक समावेशी पहुँच बृद्धिका लागि स्पष्ट निर्देशन दिने ।<br>▪ लैंगिक समानता तथा सामाजिक समावेशी शाखा वा इकाई स्थापना गरी लैंगिक अवधारणा सम्बन्धी क्षमता विकासका कार्यक्रम तय गरी संचालन गर्न जिम्मेवारी तोक्ने ।<br>▪ लैंससास सम्पर्क व्यक्ति नियुक्त गरी निजको कार्य भूमिका तोक्ने ।<br>▪ गाउँपालिका लगायत सबै सार्बजनिक निकायमा लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री र जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सेवा प्रबाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।<br>▪ हिंसा पिडित तथा बिभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, बिशेष संरक्षणको आबश्यकता भएका जेष्ठ नागरीकहरुको लागि दिवा सेवा केन्द्र र जोखिममा रहेका र बिशेष स्याहारको आबश्यकता भएका बालबालिकाको लागि बैकल्पीक हेरचाहको ब्यबस्था सुनिश्चित गर्ने ।<br>▪ स्थानीय महिला, एकल महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, अपांगता भएका व्यक्ति लगायत पछाडि पारिएका व्यक्ति, समुदायको सञ्जाल गठन गरी सेवा प्रबाह र लाभमा पहुँच बृद्धिका लागि परिचालन गर्ने ।<br>▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत र कानुनी उपयोगिता र प्रभाकारिता मूल्यांङ्कन गर्ने ।<br>▪ स्थानीय आबश्यकता अनुसार नीतिगत मापदण्ड बनाई लागु गर्ने, गराउने । |
| वडा कार्यालय | ▪ गाउँपालिकाबाट जारी गरिएका नीति, रणनिति तथा कानुन र निर्देशनको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>▪ टोलबस्ती हुदै वडामा लैससास उत्तरदायी योजना तथा बजेट निर्माण प्रति सम्वेदनशिलता अपनाउने ।<br>▪ समुदाय तथा वस्ती तहको योजना तर्जुमा प्रक्रियामा महिला, दलित, जनजाती, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, अपांग, जेष्ठ नागरीक लगायत विपन्न र बञ्चित बर्ग तथा समुदायको सहभागिता सुनिश्चित गर्ने,<br>▪ सार्वजनिक स्रोत तथा सेवा प्रबाह र लाभमा लैंगिक तथा समावेशी पहुँच सुनिश्चित हुने गरी न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।<br>▪ योजना तथा कार्यक्रम कार्यान्वयन प्रणाली समावेशी र सहभागितामूलक बनाउन |

| | |
|---|---|
| | समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने ।<br>▪ वडा तथा समुदाय तहमा खण्डिकृत तथ्याङ्क संकलन र बिश्लेषण गरी गाउँपालिकाको सुचना शाखामा अद्यावधिक गर्न सहयोग गर्ने । |
| लैंगिक समानता तथा सामाजिक समावेशी शाखा | ▪ गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्रियाकलापको मूलप्रवाहीकरण सम्बन्धमा नीति, रणनिति तथा कानुन पुनरावलोकन गर्न गाउँकार्यपालिकालाई प्राविधिक सहयोग प्रदान गर्ने ।<br>▪ विभिन्न विषयगत शाखा बीच समन्वय गरी गाउँपालिकाको खण्डीकृत तथ्याङ्क र विश्लेषण गरिएका सूचना अनुरुप नियमित योजना तथा कार्यक्रममा लैंगिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चित गर्न सहजीकरण तथा अभिप्रेरीत गर्ने ।<br>▪ योजना, कार्यक्रम तथा बजेट लैससास मैत्री भए नभएको एकिन गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सूचकहरु समावेश हुनेगरी खण्डीकृत ढाँचा तयार गरी अनुगमन तथा निर्देशन समितिलाई उपलब्ध गराउने ।<br>▪ क्षमता विकास कार्यक्रम संचालन गरी लैंगिक सवेदनशिल कार्य प्रणाली र कार्य प्रक्रिया अवलम्वन गर्न सहयोग गर्ने ।<br>▪ लैंगिक सम्पर्क व्यक्ति मार्फत शाखामा आएका लैंगिक तथा समावेशी सवाल सम्बन्धी गुनासा एबं उजुरी सम्बोधनका लागि गाउँकार्यपालिकासंग समन्वय गर्ने ।<br>▪ गाउँपालिकाको सूचना शाखासँग नियमित समन्वय गरी खण्डीकृत तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्न सहजीकरण एवं सहयोग गर्ने ।<br>▪ गाउँपालिकालाई लैंगिक हिंसामुक्त बनाउन र कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहार बिरुद्ध सुन्य सहनशिलता अभिबृद्धि गर्न आवश्यक कार्ययोजना निर्माण गरी लागु गर्न पहल तथा वकालत गर्ने ।<br>▪ लैससासको मूलप्रवाहीकरणका लागि उपयोगी विधि एवम् प्रक्रियाको पहिचान गर्न विकास साझेदारसंग समन्वय गर्ने ।<br>▪ गाउँपालिकाको लैंगिक उत्तरदायी योजना तथा बजेट निर्माण र वार्षिक रूपमा लैङ्गिक समानता तथा सामाजिक समावेशी बजेट परीक्षण गर्न सहजीकरण गर्ने ।<br>▪ गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम, बजेट बाँडफाँड तथा खर्चको लैससास दृष्टिकोणले लेखाजोखा गरी लाभ विश्लेषण गर्ने ।<br>▪ महिला, दलित, अपांग, जेष्ठ नागरीक आदिवासी जनजाति लगायतका समुदायहरुको बिभिन्न सञ्जालहरु गठन सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन |

| | |
|---|---|
| | गर्ने ।<br>▪ लक्षीत व्यक्ति, समुदायको उत्थानका लागि गठन भएका सञ्जालको क्षमता विकास गरी योजना तर्जुमा लगायत विकास निर्माणका कार्यमा क्रियाशिल बनाउने ।<br>▪ लैंगिक तथा घरेलु हिंसा पिडित महिला, किशोरी तथा बालिकाको संरक्षणका लागि अल्पकालीन संरक्षण केन्द्रको व्यवस्थापन र परिचालन गर्न पहल तथा समन्वय गर्ने । |
| लैंगिक सम्पर्क व्यक्ति | ▪ महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखाकाको मातहतमा रही तोकिए बमोजिम कार्य गर्ने,<br>▪ गाउँपालिकाबाट सञ्चालित कार्यक्रममा सरोकारवाला समुदाय तथा लक्षीत समुहका गुनासो सुन्ने र सम्बोधनका लागि सम्बन्धित शाखा र गाउँकार्यपालिका समक्ष जानकारी गराउने ।<br>▪ गाउँपालिकाकामा लैससास उत्तरदायी बजेट बिनियोजन र योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न विषयगत शाखा, वडा तथा टोलबस्तीसंग समन्वय एवं सहजीकरण गर्ने ।<br>▪ कार्यस्थलमा हुने योनजन्य दुरव्यवहार र सबै प्रकारका बिभेदहरु बिरुद्ध सुन्य सहनशिलता बृद्धि गर्न गाउँपालिका क्षेत्र भित्रका सबै निकाय वीच समन्वयकारी भूमिका निर्वाह गर्ने ।<br>▪ लैससास सम्बन्धी आएका गुनासो वा उजुरीहरु दर्ता गरी सम्बोधनका लागि लैससास शाखामा जानकारी गराउने ।<br>▪ समुदायमा बिद्यमान लैंगिक तथा घरेलु हिंसा, सामाजिक असमानता, हानीकारक मुल्य मान्यता र गलत सामाजिक अभ्यास बिरुद्ध अभियान संचालन गर्न सरोकारवाला निकाय समक्ष समन्वय गर्ने ।<br>▪ लैंगिक हिंसा तथा घरेलु हिंसा बिरुद्ध वकालत तथा प्रतिकार क्षमता अभिबृद्धि गरी सुन्य सहनशिलता कायम गर्न आवश्यक कार्यक्रम तथा बजेट बिनियोजन गर्न टोलबस्ती तथा बडाहरु र गाउँपालिकामा सहजीकरण गर्ने ।<br>▪ गाउँपालिकमा कार्यरत सबै कर्मचारी र जनप्रतिनिधीलाई लैंससासमैत्री कार्य व्यवहार र संवेदनशिलता अभिबृद्धि गर्न लैससास अवधारण  स्पष्ट पार्न तालिम तथा अभिमूखिकरण सम्बन्धी कार्यक्रम माग गर्ने ।<br>▪ सुचना शाखासंग निकटतम सम्बन्ध एवं समन्वय बिस्तर गरी गाउँपालिकाको खण्डिकृत तथ्यांक संकलन, विश्लेषण र अद्यावधिक गर्न सहयोग गर्ने । |

| | |
|---|---|
| | ▪ गाउँपालिकामा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीका लागि स्तनपान कक्ष, लैंगिकमैत्री शौंचालय निर्माण, अपांगमैत्री भौतीक पूर्वाधार, बालमैत्री संरचना निर्माणका लागि नियमित वकालत तथा पहल गर्ने ।<br>▪ गाउँपालिका अन्तर्गतका सबै कार्यस्थलमा सामान्यतः बोलीचालीको शब्द चयन वा भाषा प्रयोग गर्दा लैंससासमैत्री शब्दहरुको प्रयोग र व्यवहार अवलम्वन गर्न सबै जनप्रतिनिधी तथा कर्मचारीहरुलाइ अभिप्रेरित गर्ने । |
| अन्य विषयगत शाखा | ▪ गाउँपालिकाको समग्र विकास प्रक्रिया र लाभ प्राप्तीमा लैंगिक तथा समाबेशी पहुँच बृद्धि गर्न लैससास शाखा र सम्पर्क व्यक्तिसंग समन्वय कायम गर्ने ।<br>▪ विषयगत शाखाबाट गरिने योजना तर्जुमा, विकासका कार्य लगायत हरेक सेवा प्रवाहका विषयमा लक्षित बर्ग समुदायको सहभागिता र लाभ सुनिश्चितताका विषयमा संवेदनशिलता अपनाउने । |
| स्वास्थ्य शाखा | ▪ लैंगिक हिंसा पिडित तथा प्रभावितहरुको स्वास्थ्य सेवा प्रवाह कार्यमा लैंगिक संवेदनशिलता अपनाउन सहजीकरण गर्ने ।<br>▪ स्थानीय तहका सबै स्वास्थ्य कार्यालयलाई लैससासमैत्री सेवा प्रवाहका लागि आबश्यक निर्देशन गर्ने ।<br>▪ लैससासमैत्री सेवा प्रबाहका लागि आबश्यक संरचना तथा उपकरण ब्यबस्थापन सम्बन्धी योजना बनाई गाउँपालिका समक्ष माग गर्ने ।<br>▪ सुरक्षीत प्रजनन् सेवा प्रबाहका लागि आवश्यक संरचना लगायत सामाग्री ब्यबस्थापनका लागि योजना बनाई माग गर्ने ।<br>▪ महिला, बालबालिका, विभिन्न खाले हिंसा पिडित, विपन्न लगायत वञ्चितीमा परेका व्यक्ति तथा समुदायलाई लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा उपलब्ध भए नभएको अनुगमन गरी प्रभावकारी बनाउन आवश्यक निर्देशन गर्ने । |
| शिक्षा शाखा | ▪ अति बिपन्न तथा बिभिन्न जोखिमबाट पिडित वा प्रभावित र असाह्य बालबालिकाहरुको शिक्षामा सहज पहुँचका लागि आबश्यक शैक्षिक सामाग्री सहित बिद्यालय पोशाक र दिवा खाजाको ब्यबस्थापन गरी नियमित बिद्यालय आउने वातावरण सृजना गर्ने ।<br>▪ विद्यालयमा बालमैत्री वातावरणको सृजना गरी सबै बालबालिकाहरुलाई नियमित विद्यालय आउन आकर्षित गर्ने ।<br>▪ बालमैत्री शिक्षण सिकाई अवलम्वन गरी बालबालिकाले विभेद र शोषण रहित वातावरणमा पठन पाठन गर्न पाउने वातावरण सृजना गर्ने ।<br>▪ बिचमा बिद्यालय छोड्नो प्रबृति हटाउनका लागि अति गरिव, असाह्य, संरक्षक बिहिन बालबालिकालाई आबश्यक शैक्षिक सहयोग उपलब्ध गराउने । |

| | |
|---|---|
| | ▪ विद्यालयका हरेक निर्णयमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने । <br> ▪ विद्यालयमा बालक र बालिकाको लागि लैंगिकमैत्री सौचालय र बालमैत्री खानेपानी धारा तथा सौचालयको व्यवस्थापनका लागि योजना बनाई गाउँपालिका समक्ष माग गर्ने । |
| स्थानीय प्रहरी कार्यालय | ▪ घरेलु हिंसा वा लैंगिक हिंसा बिरुद्ध अभियानहरुमा सरोकारवाला निकायसंग समन्वय र सहकार्य गर्ने । <br> ▪ प्रहरीमा उजुरी आएका घरेलु हिंसा तथा महिला वा बालिका बिरुद्ध हिंसा वा दुरब्यबहारको अनुसन्धान कार्य छीटो छरीतो र चुस्त दुरुस्त गर्ने । <br> ▪ बाल बिबाह, लागु औषध दुरर्ब्यसनी बिरुद्ध सचेतनामूलक अभियानमा सहभागि हुने । <br> ▪ अनुसन्धान प्रक्रियामा लैंगिकमैत्री ब्यबहार तथा बालमैत्री ब्यबहार अवलम्वन गर्ने । <br> ▪ अनुसन्धान प्रक्रियामा महिला, किशोरी र बालबालिकाको गोपनियतामा ध्यान दिने । |
| विकासका साझेदारहरु | ▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधिहरुको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक प्राविधिक सहयोग गर्ने । <br> ▪ महिला, दलित, अपांग जेष्ठ नागरीक, विपन्न लगायत पछाडी पारिएका बर्ग समुदायको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि गाउँपालिकासंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने । <br> ▪ विकासका साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रममा लैंगिक समानता र सामाजिक समावेशीकरणका सवाल सम्बोधन हुने गरी क्रियाकलाप तय गरी कार्यान्वयन गर्ने । <br> ▪ लैंगिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका बिभेद वा सामाजिक असमानता बिरुद्ध प्रतिकार र वकालत क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा अभिमूखिकरण कार्यमा सहयोग गर्ने । |
| गैरसरकारी संस्थाहरु | ▪ गाउँपलिकाबाट निर्माण गरी जारी गरिएका लैससासमैत्री नीति तथा कानुनको प्रभवकारी कार्यान्वयनका लागि साझेदारी गर्ने । <br> ▪ महिला, दलित, जनजाती, अति बिपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी बनाउन सहजीकरण तथा प्राविधिक सहयोग गर्ने । <br> ▪ लैङ्गिक हिंसा, घरेलु हिंसा र बिभिन्न महामारी वा विपदबाट पिडित तथा प्रभावितलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने । |

| | |
|---|---|
| | ▪ गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवाल सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।<br>▪ लैंगिक हिंसा, घरेलु हिंसा, सामाजिक बिभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति बिरुद्ध सकारात्मक परिवर्तन र सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । |
| गाउँपालिका क्षेत्रभित्र गठित विभिन्न लक्षित समुदायको संजालहरु<br><br>(महिला, एकल महिला सञ्जाल, जेष्ठ नागरीक सञ्जाल, अपांग संञ्जाल, दलित सञ्जाल, बाल सञ्जाल लगायत पिछडिएका वर्ग तथा समूहहरूको सञ्जाल) | ▪ लैंगिक बिभेद, सामाजिक असमानता, तथा हानीकारक र विभेदकारी सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध नियमित वकालत गर्ने साथै अभियान रुपि कार्यक्रम माग गर्ने ।<br>▪ लक्षीत बर्ग समुदायको खण्डिकृत तथ्यांक सहित उनीहरुका सवाल तथा समस्यारु पहिँचान गरी सम्बोधनका लागि वडा तथा गाउँपालिकालाई जानकारी गराई आवश्यकता अनुसार योजना तथा कार्यक्रम र बजेट माग गर्ने ।<br>▪ स्थानीय स्रोत तथा प्रतिफलको समानुपातिक पहुँच, न्यायिक वितरण र समावेशी सहभागिताको पक्षमा आवाज उठाउने ।<br>▪ समुदाय तहमा योजना तर्जुमाका क्रममा सक्रिय सहभागिता जनाई आर्थिक सामाजिक सशक्तिकरण र नेतृत्व तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु माग गर्ने ।<br>▪ लैंगिक हिंसा पिडित महिला तथा बालिका, असाह्य एवं अपहेलीत जेष्ठनागरिकको संरक्षणका लागि बैकल्पीक हेरचाहको ब्यबस्था गर्न माग गर्ने ।<br>▪ सम्बन्धित वडा कार्यालय र लैससास शाखासंग नियमित समन्वय तथा सम्पर्कमा रही लैंगिकमैत्री, बालमैत्री तथा अपांगमैत्री संरचना निर्माणका लागि वकालत गर्ने । |
| निजी क्षेत्र (उद्योग बाणिज्य संघ, होटल ब्यबसायि संघ, यातायात ब्यबसायी संघ, विकास बैंक आदि) | ▪ निजीक्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवामा सबै समुदाय तथा बर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीमा समेत सेवा बिस्तार गरी प्रभावकारी बनाउने,<br>▪ महिला, बिपन्न तथा वञ्चित समूहको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।<br>▪ वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीबाट उत्पादित बस्तुको बजारीकरणका लागि वडा तथा गाउँपालिकासंग समन्वय र सहयोग गर्ने ।<br>▪ महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन सहज कर्जामा पहुँच बढाई प्रोत्साहान गर्ने ।<br>▪ गाउँपालिकासंग समन्वय गरी लक्षीत बर्ग उत्थान सम्बन्धी कार्यहरु संचालन गर्ने । |
| समुदाय | ▪ गाउँपालिकाको योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा नजिकको साझेदारको रूपमा क्रियाशिल रहने । |

| | |
|---|---|
| | ▪ आफ्नो बस्ती तथा वडा तहका परिवारको खण्डीकृत सूचना तथा तथ्यांकहरू साथै विकास कार्यबाट भएको प्रगतिको अभिलेख राख्ने र आबश्यकता अनुसार सम्बन्धित वडा र गाउँपालिकामा सम्बोधनका लागि माग पेश गर्ने ।<br>▪ सामुदायिक विकाससंग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जसको सवाल उसको नेतृत्व रहने गरी महिला, बालबालिका, अपांग, जेष्ठनागरीक लगायत बिपन्न र पछाडी पारिएको बर्ग समुदायको सक्रिय सहभागिता सुनिश्चितता गर्न वकालत तथा नियमित समन्वय र साझेदारी गर्ने ।<br>▪ सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापको नियमित निगरानी गरी लैंससासमैत्री, बालमैत्री, अपांगमैत्री तथा समावेशी बनाउन सम्बन्धित शाखा तथा निकाय समक्ष वकालत तथा माग गर्ने ।<br>▪ महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने खालका हानीकारक सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध आवाज उठाउने । स्थानीय तहमा सञ्चालित अभियानरुपी कार्यक्रमहरुमा सक्रिय संलग्नता जनाउने ,<br>▪ स्थानीय विकास निर्माणका कार्यहरुमा जनसहगिता अभिबृद्धि गर्न वडा तथा गाउँपालिकामा वकालत गर्ने । |

### ५.१.३. संस्थागत संयन्त्र, जनप्रतिनिधी तथा जनशक्तिको क्षमता विकास :

क) लैससास शाखा र सम्पर्क व्यक्तिलाई रणनीति कार्यान्वयन तरीका तथा तोकिएको कार्यभूमिका बारे अभिमूखिकरण तथा सहजीकरण गरी व्यापक जानकारी गराउने ।

ख) लैंगिक हिंसा तथा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ मा भएका कानुनी व्यवस्थाहरु बारे गाउँपालिकाका जनप्रतिनिधी लगायत कर्मचारीहरुमा अभिमूखिकरण गराई लैंगिकमैत्री कार्य व्यवहारका लागि प्रोत्साहित गर्ने ।

ग) गाउँपालिकाको सेवा प्रवाह र कार्यप्रणालीलाई लैससास मैत्री बनाउन, लैंगिकता, महिला महासन्धी, बेइजिङ कार्ययोजना, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२०, दिगो विकास लक्ष्य लगायतका विषयहरुमा तालिम तथा अभिमूखिकरण गरी व्यापक जानकारी गराउने ।

घ) लैससास शाखा लगायत विषयगत शाखा प्रमुख र जनप्रतिनिधीहरुलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण बारे अभिमूखिकरण गरी नियमित लैससास परिक्षण गर्न सक्षम बनाउने ।

ङ) गाउँपालिकाबाट गठन गरिएका लक्षित बर्गका सञ्जालका पदाधीकारीहरुको क्षमता तथा नेतृत्व विकास तालिम मार्फत गाउँपालिकाको समग्र विकास प्रक्रियामा क्रियाशील सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने ।

च) लैंगिक बिभेद, असमानता तथा हिंसा बिरुद्ध जागरण फैलाई बिभेद र हिंसा बिरुद्ध प्रतिकार तथा वकालत क्षमता अभिबृद्धि गर्न समुदाय तहमा ब्यापक जनचेतना तथा अभियानका कार्यक्रम संचालन गर्ने ।

छ) विकासका हरेक क्षेत्रमा लैगिक समानता तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्न स्थानीय तहमा कार्यरत कर्मचारी र जनप्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

ज) लैंगिक उत्तरदायी बजेट तथा योजना निर्माण र कार्यान्वयनका लागि सम्बन्धित विषयगत शाखा, वडा प्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

### ५.१.४. सरोकारवाला बिच समन्वय एवं साझेदारी :

गाउँपालिकाबाट जारी गरिएको लैससास रणनीतिमा तोकीए बमोजिमको कार्यभूमिका वा जिम्मेवारी कार्यान्वयनका लागि सबै निकायहरु वीचको समन्वय र साझेदारी अपरिहार्य ठानीएको छ । गाउँपालिकामा महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल सबै निकायको योजना तथा कार्यक्रम र बजेट लैंगिक उत्तरदायी बनाउन र योजना निर्माण प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न सबै सरोकारवालाहरु वीच समन्वय र सहकार्य हुनु जरुरी छ । गाउँपालिकाबाट लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा गाउँपालिका क्षेत्रभित्र कार्यरत सम्बन्धीत सरकारी निकाय, गैरसरकारी निकाय, विकास साझेदार, निजि क्षेत्र, महिला समूह तथा समुदाय र आम नागरिक वीच निरन्तर समन्वय र साझेदारी गरिनेछ ।

### ५.२. लैससास रणनीति कार्यान्वयनको अनुगमन प्रणाली :

गाउँपालिकाको अनुगमन संयन्त्रलाई क्रियाशिल बनाई लैंगिक तथा सामाजिक समावेशीकरण उद्धेश्यहरुले निर्दिष्ट गरेका रणनीति तथा कार्यनितिहरुको कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी वार्षिक प्रतिबेदनमा समाबेश गरिनेछ । लैंगिक उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका बिषयमा समेत वार्षिक लेखाजोखा गरिनेछ । गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र सकारात्मक प्रयासहरू कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी बार्षिक समिक्षा गरिनेछ । बार्षिक प्रगतीका विषयमा समिक्षा गरी सुझावका आधारमा आगामी कार्यदिशा तय गरिने छ ।

गाउँपालिकाले लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा निर्देशन गर्न देहाय बमोजिमका व्यक्ति वा निकायको प्रतिनिर्धित्व रहने लैससास नीति अनुगमन तथा निर्देशन समिति गठन गरी राष्ट्रिय नीतिमा आधारित रही कार्यविवरण तोकीएको छ ।

**१.) लैससास अनुगमन तथा निर्देशन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | |
|---|---|
| क) गाउँपालिकाका अध्यक्ष | संयोजक |
| ख) गाउँपीलकाका उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |

घ) गाउँपालिकास्तरीय लक्षित समुदायहरुको सञ्जाल मध्येबाट गाउँपालिकाले तोकेको कम्तीमा एक महिला अनिवार्य सहित ३ जना प्रतिनिधी सदस्य

ङ) महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख सदस्य

च) सामाजिक विकास शाखा प्रमुख सदस्य सचिव

**२.) लैससास अनुगमन तथा निर्देश समितिको काम कर्तव्य र अधिकार**

क) अनुगमन तथा निर्देशन समितिको बैठक वार्षिक रुपमा कम्तीमा २ पटक बस्नेछ ।

ख) सरोकारवालाको सहभागितामा बार्षिक रुपमा प्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनका लागि गाउँकार्यपालिकामा पेश गर्ने ।

ग) स्थानीय नीति, रणनिति, कानुन तथा योजनाहरुको नियमित अनुगमन तथा पुनरावलोकन गरी लैंगिकमैत्री बनाउन आवश्यक समन्वय तथा निर्देशन गर्ने ।

घ) लैंगिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति समुदायलाई लक्षित गरीएका नीति, योजना तथा कार्यक्रमको नियमित अनुगमन गरी लैंगिक तथा समावेशी सहभागिता अभिबृद्धि गर्न निर्देशन गर्ने ।

ङ) महिला, किशोरी तथा बालिकाहरुको सामाजिक तथा आर्थिक विकासका बाधक वा बिभेदयुक्त संरचनात्मक अवरोधहरु हटाउने खालका कार्यक्रम संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

च) लैंगिक बिभेद, लैंकि हिंसा र विभिन्न खाले शोषण र बिभेद वा दुरव्यवहारहरुको अन्त्य गर्न निरोधात्मक कार्यक्रमहरु संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

छ) लैंससास उत्तरदायी शासन पद्धती अवलम्वनर खण्डिकृत बिद्युतिय सुचना प्रणालीलाई व्यवस्थित गर्न अभिप्रेरीत गर्ने

ज) लैंगिक हिंसा, लैंगिक बिभेद, यौनजन्य दुरव्यवहार, शोषण लगायत विभिन्न जेखिममा रहेका महिला किशोरी र बालिकाहरुको संरक्षणका लागि राहात, पुनस्थापन र अल्पकालिन सेवा केन्द्र संचालन सम्बन्धी योजना तथा कार्यक्रम तय गर्न निर्देशन गर्ने ।

झ) महिला, अपांगता भएका व्यक्ति, दलित लगायत सामाजिक बञ्चितिकरणमा परेका व्यक्ति समुदायहरुको आर्थिक शसक्तिकरणका योजना तथा कार्यक्रम तर्जुमा गर्न गाउँपलिकाका सम्बन्धित संयन्त्र तथा अन्य सरोकारवाला निकायहरुसंग समन्वय तथा निर्देश गर्ने ।

३) **वडास्तरको लैससास अनुगमन तथा निर्देशन उपसमितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

क) वडा अध्यक्ष संयोजक

ख) वडा समितिका सबै सदस्यहरु सदस्य

घ) वडास्तरीय लक्षित समुदायको सञ्जाल मध्येबाट वडाले तोकेको कम्तीमा एक महिला सहित २ जना प्रतिनिधी — सदस्य

घ) वडा बाल संजालको अध्यक्ष — सदस्य

ङ) वडा सचिव — सदस्य सचिव

**४) निर्देशन तथा अनुगमन उपसमितिको काम कर्तब्य र अधिकार**

क) योजना तथा बजेट तर्जुमा चरणमा विपन्न तथा बञ्चित ब्यक्ति समुदायलाई सहभागी गराउन सरोकारवाला तथा नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ख) वडा तहको खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

ग) योजना कार्यावयनमा लैंगिक तथा समाबेशी सहभागिता बृद्धि गर्न नियमित अनुगमन गरी आबश्यक निर्देबन गर्ने ।

घ) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सहभागितात्मक अनुगमन तथा मूल्याङ्कनन गर्ने गराउने, सामाजिक लेखाजोखा गर्ने, सार्वजनिक सुनवाई गगर्ने, राउने र लैससास लेखाजोखा गर्ने ।

ङ) वडा भित्रका महिला, बालबालिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत गर्ने,

च) वडास्तरमा लैससास सम्वन्धि कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

छ) लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

झ) यस रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

**परिच्छेद ६ लैससास रणनीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु :**

लैससास विषय अन्तरसम्बन्धित सवाल भएकोले कुनै एउटा मात्र निकायको पहलमा पुर्णत अवलम्वन गर्न सकिदैन । लैंगिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गर्न स्थानीय सरकार लगायत सबै सरोकारवाला निकायहरुको निकटतम समन्वय र सहकार्यको आवश्यकता पर्दछ । लैससास नीतिले प्रत्याभुत गरेका प्रावधानहरु कार्यान्वयनका सन्दर्भमा समाजमा बिद्यमान हानिकारक गलत सामाजिक अभ्यास तथा प्रचलन र पितृसतात्मक सोंचको कारण विभिन्न जोखिमहरु सामना गर्नुपर्ने अवस्था आउने देखिन्छ ।

उल्लेखित नीति, रणनीति र कार्यनीतिको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने देहाय बमोजिमका सम्भाव्य जोखिम तथा चुनौतीहरुको आधारमा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरु अवलम्वन गरिने छ ।

| **संभावित जोखिम** | **जोखिम न्यूनीकरणका उपायहरु** |
|---|---|
| गाउँपालिकाका जनप्रतिनिधी र कर्मचारीमा लैससास सम्वन्धी साझा बुझाईमा एकरुपता हुन नसक्नु । | ▪ सहभागितात्मक अभिमूखिकरण तथा सहजीकरणबाट लैससास अवधारणाबारे समान बुझाई बनाउने ।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधान बारे अभिमूखिकरण गर्ने । |
| सामाजिक विकासका कार्यक्रमले भौतीक विकासका कार्यक्रमले जस्तो तत्काल परिणाम देखाउन नसकिने हुदा लैससास विषय स्थानीय सरकारको प्राथमितामा पर्न नसक्नु । | ▪ लैससासको महत्व र सरकारद्वारा जारी गरिएका कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्वता बारेमा जानकारी गराई लैससास बिषयलाई प्राथमितामा राख्न नीतिगत व्यवस्था गर्ने ।<br>▪ लैंगिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि नियमित समन्पयलाई प्रभावकारी बनाउने । |
| लैससासरणनीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमता र दक्ष मानबस्रोतको कमी हुन सक्नु । | ▪ गाउँपालिकाबाट क्षमता विकासका कार्यक्रममा लगानीको वातावरण मिलाई दक्ष मानवस्रोतको उत्पादन तथा परिचालन गर्ने । |
| लैससास नीतिमा उल्लेखित प्राबधानहरु कार्यान्वयन गर्न स्रोत साधनको सीमितता हुन सक्ने । | ▪ गाउँपालिकाको स्रोत परिचालनमा न्यायिक बितरण प्रणालीको अवलम्बन गर्ने ।<br>▪ वार्षिक योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा सहजीकरण गर्ने ।<br>▪ लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि सम्बन्धित संघ संस्थासंग समन्वय र सहकार्य बृद्धि गर्ने । |
| गाउँपालिका लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा प्रति संबेदनशिलताको अभाव हुन सक्नु । | ▪ लैससास उत्तरदायी योजना तथा बजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी सुझाव कार्यान्वयन गर्ने गराउने । |
| टोलबस्ती तथा वडास्तरबाट लैससाससँग सम्वन्धित योजना तथा कार्यक्रमहरु छनौटमा पर्न नसक्नु । | ▪ लक्षित बर्ग समुदायको अवस्था पहिँचान र विश्लेषणका आधारमा योजना छनौट गर्न सहजीकरण गर्ने ।<br>▪ योजना तर्जुमा प्रक्रियामा लक्षित बर्ग समुदायको अर्थपूर्ण सहभागिता बृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने । |
| वन्चितीकरणमा परेका वर्ग तथा | ▪ उद्यमशिलता विकास कार्यक्रमहरु मार्फत लक्षित बर्ग समुदायको |

| | |
|---|---|
| क्षेत्रको आर्थिक सशक्तिकरण हुन नसक्नु । | रोजगारी र आयआर्जनका कार्यमा संलग्न गराउने ।<br>▪ लक्षित व्यक्तिहरुलाई कृषि, पशुपालन लगायतका क्षेत्रमा प्राविधिक सिप तथा तालिमको व्यवस्था गरी उत्पादन भएका प्राविधिक जनशक्तिको आर्थिक शसक्तिकरणका लागि रोजगारीका अववसर सृजना गर्ने |
| खण्डिकृत तथ्याङ्क तथा सूचनाहरुको आधारमा योजना र कार्यक्रमहरु तयार हुन नसक्नु । | ▪ सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना तर्जुमा प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने । |
| स्थानीय स्रोत तथा लाभ र अवसरहरुमा लैंगिक तथा समावेशी पहुँच कम हुन सक्नु । | ▪ योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा अनुगमन तथा निर्देशन प्रणालीलाई नियमित र प्रभावकारी बनाई सुधारका पक्षहरु औल्याई कार्यान्वयनका लागि सम्बन्धित पक्षलाई सुझाव सहित निर्देशन गर्ने । |

## परिच्छेद ७ कानुनी व्यवस्था तथा पुनरावलोकन

### ७.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

गाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन र स्पष्ट कार्य निर्देशनका लागि लैससास कार्यान्वयन कार्यविधि र आवश्यकता अनुसार लैंगिक हिंसा बिरुद्ध रणनीति, कार्ययोजना वा निर्देशिकाहरु समेत निर्माण गरी लागु गरिनेछ । उक्त कार्यविधि तथा शाखागत रणनीति वा कार्ययोजना निर्माण गर्दा नेपालको संविधानमा व्यवस्था गरिएको लैंगिक समानता र महिलाको हक, स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भएको लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी प्रावधान र अन्तराष्ट्रिय महासन्धी, घोषणापत्रहरुमा उल्लेखित प्रावधानहरुलाई आधार मानिने छ।

### ७.२.नीतिको पुनरावलोकन तथा सुधार

गाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीति २०७८ लाई आवश्यकता अनुसार समसामयिक विषयहरुमा पुनरावलोकन गरी परिमार्जन वा सुधार गरिनेछ । लैससास रणनीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको पक्षको नियमित अनुगमन तथा मूल्याङ्कनको आधारमा समिक्षा वा पुनरावलोकन गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गरिने छ ।